# मिक्लाजुङ्ग गाउँपालिका मोरङ

# वस्तुगत विवरण

## (MIKLAJUNG RURAL MUNICIPALITY PROFILE)




तत्कालिन गाउँ कार्यपालिकाको कार्यालय मोरङ : फोटो केशव

# मिक्लाजुङ्ग गाउँपालिकाको पार्श्वचित्र

## ( Miklajung Rural Municipality profile)

मिक्लाजुङ्ग गाउँ कार्यपालिकाको कार्यालय

मधुमल्ला, मोरङ

२०७३

# प्रकाशित कृति

## मिक्लाजुङ्ग गाउँपालिकाको पार्श्वचित्र २०७३

प्रकाशन वर्ष

२०७४

सर्वाधिकार

मिक्लाजुङ्ग गाउँ कार्यपालिकाको कार्यालय, मधुमल्ला मोरङ

email: miklajungaupalika@gmail.com

Facebook/miklajungaupalika

# नेपालको नक्सा




International Media Pvt. Ltd.



मोरङ जिल्ला
धनकुटा
पाँचथर
इलाम
सुनसरी
झापा
N
W
E
S
केराबारी गाउँपालिका
मिक्लाजुङ गाउँपालिका
लेटाङ नगरपालिका
सुन्दरहरैचा नगरपालिका
बेलबारी नगरपालिका
उर्लाबारी नगरपालिका
पथरी शनिश्चरे नगरपालिका
कानेपोखरी गाउँपालिका
बुढीगंगा गाउँपालिका
ग्रामथान गाउँपालिका
कटहरी गाउँपालिका
रंगेली नगरपालिका
सुनवर्षी नगरपालिका
रतुवामाई नगरपालिका
धनपालथान गाउँपालिका
जहदा गाउँपालिका
प्रदेश नं १
संकेत
0 1 2 4 6
Kilometers


मोरङ जिल्ला
मिक्लाजुङ गाउँपालिका
Dhankuta
Panchthar
N
Ilam
Letang Nagarpalika
Jhapa
Uralabari Nagarpalika
1
2
3
4
5
6
7
8
9
संकेत
वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# भूमिका

नेपालको सन्दर्भमा गाउँपालिका र नगरपालिका सरकारको सबैभन्दा तल्लो तहको संरचना हुन् । यी स्थानीय सरकार हुन् । यिनीहरूले स्थानीय स्तरमा जनतालाई तोकिएका सेवाहरू प्रवाह गर्दछन् । नेपालका गाउँपालिकाहरू अहिले नेपाल सरकारको विशेष निर्देशनबाट सञ्चालित भए पनि स्वायत्त शासन ऐन २०७४ तथा यस अन्तर्गत जारी भएका नियामावलीहरूद्वारा निर्देशित हुने छन् । हरेक गाउँपालिकाले आफनो तहको सूचना तथा तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्नुपर्नेछ । यसैगरी गाउँपालिकाहरूले पार्श्वचित्र तयार गरी त्यसैका आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था र प्रचलन रहेको देखिन्छ । सङ्कलित सूचनालाई यथार्थपरक ढङ्गले विश्लेषण गरी पार्श्वचित्र तयार गर्दा त्यसले यहाँको विकास निर्माणका क्रियाकलाप सञ्चालन गर्न ठूलो सहयोग पुऱ्याउने गर्दछ । तसर्थ, गाउँपालिकाको लागि पार्श्वचित्र निर्माण अति आवश्यक भएको हो ।

गाउँपालिकाको सेवा प्रवाह, विकास र सूचना व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सूचना अध्यावधिक गर्न आवश्यक हुन्छ । नेपाल सरकारले स्थानीय तहको न्यूनतम शर्त तथा कार्य सम्पादनको मापन गर्ने कार्य आर्थिक वर्ष ०६५/६६ देखि शुरुवात गरको छ । यस क्रममा वस्तुस्थिति विवरण वा पार्श्वचित्रलाई अनिवार्य सर्तको रुपमा लिइएको छ । यसका लागि पनि स्थानीय तहले पार्श्वचित्र निर्माण गर्न आवश्यक भएको छ । तसर्थ यस गाउँपालिकाको आधारभूत तथ्याङ्कहरु विभिन्न स्रोतबाट सङ्कलन गरी तिनीहरुको अद्यावधिक अवस्थाको विश्लेषण गरी यो पार्श्वचित्र निर्माण गरिएको छ । यसले आंशिक रूपमा भए पनि मिक्लाजुङ्ग गाउँपालिका क्षेत्रको यथार्थ सूचनासम्बन्धी आवश्यकता र सरोकारवालाहरूको चाहनालाई पूरा गर्न सक्छ भन्ने विश्वास लिएको छु ।

नेपालमा पछिल्लो जनगणना वि.सं. २०६८ मा भएको थियो । मूलतः त्यही जनगणनाको तथ्याङ्कलाई आधार मानी यो पार्श्वचित्र तयार गरिएको हो । छोटो समयमा पनि हाम्रो अनुरोधलाई स्वीकार गरी पार्श्वचित्र तयार गर्नु हुने श्री कमन इन्टरनेशनल मिडिया प्रा.लि.विराटनगर १६ लाई विशेष धन्यवाद दिन चाहान्छु । यसका लागि आफ्नो कार्यालयको कामलाई असर नपर्ने गरी अथक परिश्रमका साथ सूचना संकलनको कार्यलाई सफल बनाउने मिक्लाजुङ्ग गाउँपालिकाका विभिन्न वडाका सचिवहरू र अन्य कर्मचारी साथीहरू धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी यस गाउँपालिका क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था र अन्य क्षेत्रबाट सूचना उपलब्ध गराई सहयोग गर्नु हुने सबै व्यक्ति र निकायहरूलाई समेत धन्यवाद दिन चाहान्छु ।

अन्तमा यो वस्तुस्थिति विवरण मिक्लाजुङ्ग गाउँपालिकाको स्रोत र साधनले भ्याएसम्म त्रुटिरहित बनाउन प्रयास गरिएको छ । यति गर्दा गर्दै पनि केही कमजोरी भेटिएमा आगामी दिनमा क्रमिक रुपमा सुधार गर्दै जाने कुरामा विश्वास दिलाउन चाहान्छु । सम्बन्धित सबै सरोकारवाला पक्षले यसमा देखिएका कमीकमजोरी औंल्याई दिई सकारात्मक सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

प्रभा अर्याल
कार्यकारी अधिकृत/प्रमुख
मिक्लाजुङ्ग गाउँपालिका, मोरङ

Common CIM Pvt. Ltd. International Media Pvt. Ltd.

# हार्दिक कृतज्ञता

प्रत्येक गाउँ र नगरको विकास विना मुलुकको समग्र विकास संभव छैन । नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको पाइन्छ । जिल्ला, नगर र गाउँ तहको विकास प्रक्रिया धेरै पछिदेखि मात्र सुरु भएको हो । विगतमा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिका र गाउँ विकास समितिको वार्षिक तथा आवधिक योजना तर्जुमा सम्बन्धी व्यवस्था गरेको थियो । पछिल्लो पटक नेपाल सरकारले मिति २०७४ बैशाख २६ गते एक निर्दैशन जारी गर्दै प्रत्येक नगरपालिका र गाउँपालिकाले आफनो कार्यक्षेत्रको विकासका निम्ति वडास्तरीय वस्तुगत विवरण संकलन गरी वस्तुस्थिति देखिने गरी पार्श्वचित्र बनाउनुपर्ने निर्देशन गरेको छ । ऐननियम र निर्देशनको ठोस कार्यान्वयनको अभावमा कतिपय स्थानीय तहले आवधिक योजना निर्माण गरी सन्तुलित विकास गर्ने प्रयास गर्न सकेका छैनन् । विकासलाई हेर्ने परम्परागत दृष्टिकोणमा विकास भन्नु केवल भौतिक पूर्वाधारमा सकारात्मक परिवर्तन हुनु हो, यसबाट सन्तुलित विकास हुनसक्छ भन्ने मान्यता रही आएको छ ।

विकास प्रक्रियालाई पनि लागत–लाभको सिद्धान्तका आधारमा अघि बढाउन सकेमा त्यसको प्रतिफल सकारात्मक हुने गर्दछ । यसका लागि सम्बन्धित क्षेत्रको बृहत सूचना विश्लेषण हुन जरुरी हुन्छ । विना सूचना र तथ्यांङ्कको भरमा निर्माण गरिएको योजना र लिएको नीतिले न्यायोचित र सन्तुलित विकास गर्न सक्दैन । स्थानीय तह जनताको घरदैलोमा सेवा प्रवाह गर्ने सरकारको एकाई हो । जग बलियो नबनाई घर मजबुत हुँदैन । स्थानीय तहको साधन, स्रोत र क्षमताको व्यवस्थापन सुदृढ नगरेसम्म केन्द्रीय सरकारले पनि क्षमताअनुसार काम गर्न सक्दैन । अनि गाउँपालिकाको विकास प्रक्रिया अनुमान र पहुँचको भरमा संञ्चालन परिस्थिति सिर्जना हुनपुग्दछ ।

प्रस्तुत पार्श्वचित्र तयार पार्ने कममा यथार्थ र वास्तविक सूचना सङ्कलन हुन सकोस् भन्ने अभिप्रायले जनगणनाबाट प्राप्त तथ्याङ्क बाहेक अन्य तथ्याङ्कहरु परख गरेर मात्र समावेश गरिएको छ । यसले तथ्यांङ्क आम नेपाली जनताको समग्र विकास र उत्थानको लागि हो भन्ने भावनाको विकास गराउँछ । अजैबाट यस गाउँपालिकाको सूचनाको आधारस्तम्भ तयार भएको छ । सूचना संकलन, विश्लेषण र प्रवाहमा एकद्वार प्रणालि विकसित भई नसकेको वर्तमान अवस्थामा कतिपय सूचनाहरू अन्य निकाय वा संस्थाले गरेको विश्लेषणसँग मेल नखाने हुनसक्तछ । विभिन्न कठिनाइका बाबजुद पनि यस मिक्लाजुङ्ग गाउँपालिकाले गाउँको पार्श्वचित्र निर्माण गर्ने कार्य सम्पन्न गरेको छ । यो अत्यन्तै प्रशंसनीय कार्य हो । तसर्थ, पार्श्वचित्र निर्माणका लागि विश्वास गरी जिम्मा दिने मिक्लाजुङ्ग गाउँपालिकाका कार्यकारी अधिकृत श्री प्रभा अर्याल,वडा सचिवहरू तथा गाउँपालिकाबासी सबैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

केशव सापकोटा
निर्देशक
कमन इन्टरनेशनल मिडिया प्रा.लि.
विराटनगर–१६

Final Copy

# मिक्लाजुङ्ग गाउँपालिकाको संक्षिप्त परिचय

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्व तर्फ: | इलाम र झापा जिल्ला |
| पश्चिम तर्फ: | लेटाङ नगरपालिका |
| उत्तर तर्फ : | धनकुटा र पाँचथर जिल्ला |
| दक्षिण तर्फ: | उर्लावारी नगरपालिका |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| वडा नं. | समावेश भएका साविकका गाविसहरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | रमितेखोला | १-९ | |
| २ | टाँडी | १,६,७ | |
| ३ | टाँडी | २,८,९ | |
| ४ | टाँडी | ३-५ | |
| ५ | जाँते | ३,४ | |
| ६ | मधुमल्ला | ४,५ | |
| ७ | मधुमल्ला | २ | |
| ८ | मधुमल्ला | ३ | |
| ९ | मधुमल्ला | १,६ | |

## ३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्था: | धेरै पहाड र थोरै भावर तथा तराई |
| क्षेत्रफल: | १५८.९८ वर्ग कि.मी. |
| कृषियोग्य जमिन | २६२० हेक्टर |
| कृषि क्षेत्र: | ५५ प्रतिशत |
| गैरकृषि क्षेत्र: | ४५ प्रतिशत |
| सहकारी संस्थाका सदस्य | ८,७३५ जना |
| समुद्र सतहदेखिको उचाई | ७५ देखि २४१० मिटर |
| तापकम | ८ देखि ३४ डिग्री |
| औसत वर्षा | १०७० मिलिमिटर |

## ४. जनसंख्या

| | २०६८ साल | २०७४ साल |
|---|---|---|
| घरपरिवार संख्या : | ६४१७ | |
| कुल जनसंख्या: | २८७०८ | २९४४४ |
| महिला: | १५५४९ | १५९४८ |
| पुरुष: | १३१५९ | १२९५६ |
| जनसंख्या दोब्बर हुन लाग्ने समय | १६४ वर्ष | |
| ३ वर्षभन्दा कमको संख्या | २०७२ जना | |
| आदिवासी जनजाति | १६३३८ जना | |
| दलित | ३०७९ | |

| | |
|---|---|
| मधेशी पिछडावर्ग | ४१० |
| अन्यजातजाति | ८८८१ |
| जनसंख्या बृदिदर | ०.४२ प्रतिशत |
| लैङ्गिक अनुपात | ८४.६३ जना |
| प्रथम विवाह गर्दाको उमेर | २१.७८ पुरुष |
| प्रथम विवाह गर्दाको उमेर | १८.४२ महिला |

## ५.शैक्षिक स्थिति

| | |
|---|---|
| कुल साक्षरता: | ७७.६७ % |
| पुरुष | ८४.१२ % |
| महिला | ७२.३४ % |
| आदिवासी जनजाति | ७७.२७ % |
| दलित वर्ग | ७०.७० % |
| मधेशी पिछडावर्ग | ७६.९६ % |
| अन्य जात | ८०.८१ % |

## ६. घरको अवस्था

| | |
|---|---|
| खरको छाना भएको घर | ८८५ घर |
| जस्तापाताले छाएको घर | ५२८५ |
| छत ढलाई भएको | १५७ |

# विषयसूची


**परिच्छेद एक**

**वस्तुगत विवरण तयारीको परिचय**

पृष्ठभूमि १
मुख्य उद्देश्यहरू २
महत्व ३
प्रयोग गरिएका बिधिहरू ३
सूचनाहरू विश्लेषण र प्रस्तुतिकरण ३
वस्तुगत विवरणको सिमा ३

**परिच्छेद दुई**

**मिक्लाजुङ्ग गाउँपालिकाको परिचय**

ऐतिहासिक पृष्ठभूमि ५
नामकरण ५
अवस्थिति ६
सिमाना ६
क्षेत्रफल ६
भौगोलिक स्वरूप ६
हावापानी र तापकम ७
वनजंगल र वन्यजन्तु ७
स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण ७
पर्यटकीय स्थलहरूको विवरण ८

**परिच्छेद तीन**

**आधारभुत तथ्यांक विश्लेषण**

**खण्ड एक**

**व्यक्तिगत विवरण**

जनसंख्याको विवरण ९
जनसंख्या प्रक्षेपण १०
लिङ्गअनुसार घरमूली ११
समूहगत उमेरको जनसंख्या १२
उमेर समूह तथा लिंगअनुसारको जनसंख्या १४
जातिगत जनसंख्या २२
जातिगत समूहको जनसंख्या २४
मातृभाषा अनुसारको जनसंख्या २६
धर्मअनुसारको जनसंख्या २७
साक्षरता ३०
जातिगत समूहको साक्षरता ३१
उत्तीर्ण गरेको तह ३२
वैवाहिक अवस्था ३५
अशक्तता ३७

**खण्ड दुई**

**घरायसी तथा पारिवारिक विवरण**

घरको स्वामित्व र किसिम ३९

घरको छाना ४१
साधन र सुविधाको प्रयोग ४१
खानेपानी ४२
इन्धनको स्रोत ४३
सौचालयको व्यवस्था ४५
महिलाका नाममा घर जग्गा ४५

## खण्ड तीन
## विविध विवरणहरू

अपाङ्गता परिचयपत्र लिएका ४६
खाद्यान्न आत्मनिर्भरताको अवस्था ४६
परिवारको स्वामित्वमा रहेको जग्गाजमिनसम्बन्धी विवरण ४६
आव २०७२।७३ को पञ्जिकरणको विवरण ४७
आव २०७२।७३ को नागरिकता तथा अन्य सिफारिस ४७
सामाजिक सुरक्षा भत्ता पाउने विवरण ४८
शैक्षिक संस्था विवरण ४८
विश्वविद्यालय तथा कलेजहरु ४८
विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण ४८
बालविकास केन्द्रको विवरण ४९
बालसन्जालको अवस्था ४९
विद्यालयमा शौचालयको विवरण ४९
तहगत शिक्षक विवरण ५०
विद्यमान स्वास्थ्य सेवाहरू ५०
खोपसेवाको विवरण ५१
खोपसेवा छोड्ने बालबालिकाको अवस्था ५१
विगत ३ वर्षको पोषणको अवस्था ५२
कामदारका रूपमा बाहिर गएका बालबालिका ५२
श्रमिक बालबालिकाको प्रकार ५२
स्वास्थ्यसम्बन्धी सूचकांक ५२
बालक्लवहरूको विवरण ५३
जन्मदर्ता भएका बालबालिकाको संख्या ५३
महिला हिंसासम्बन्धी विवराण ५३
बातावरण तथा सरसफाई ५३
फोहरमैला व्यवस्थापन ५४
कृषिसेवा केन्द्र ५४
पशुसेवा केन्द्र ५४
हुलाक सेवाकेन्द्र ५४
गाउँपालिकाका हालका भवनहरू ५४
बस पार्क र बस स्टेन्ड ५५
सिंचाईको श्रोत ५५
तालतलैया र प्राकृतिक पोखरीको नाम ५५
टाढाको वस्तिबाट गाउँपालिकामा पुगिने अनुमानित समय ५५
बैंक तथा बित्तिय संस्था ५६
खुल्ला क्षेत्र ५७
चल, अचल सम्पत्ति ५७
धार्मिक स्थलको नाम ५८

# परिच्छेद एक
# वस्तुगत विवरण निर्माणको परिचय

## पृष्ठभूमि

नेपाल सरकारले जनताको घरदैलोसम्म सरकारी सेवा र सुविधा पुऱ्याउने उद्देश्यले गाउँपालिकाहरू गठन गरेको हो । केन्द्रिकृत सेवा सुविधा गाउँपालिकासम्म विकेन्द्रिकृत हुँदा सरकारी सेवा लिन केन्द्रसम्म धाउनुपर्ने बाध्यताबाट जनताले उन्मुक्ति पाएका छन् । लोकतान्त्रिक पद्धतिमा यस्तो सेवा आफ्नो गाउँघरमा नै पाउन जनताको नैसर्गिक अधिकार पनि हो । यतिमात्र नभएर आफ्नो गाउँपालिका भित्रका समूचित सूचनाहरू पाउने अधिकार पनि सबै नागरिकको रहेको हुन्छ । गाउँपालिकाको वस्तुगत विवरण तयारीबाट गाउँभित्रका सूचनाहरू एकतृत हुने र प्रबाह गर्न शरल हुने भएकाले यो वस्तुगत विवरण तयार गरिएको हो ।

हाल भरखरै गाउँपालिका र नगरपालिकाहरू घोषणा हुँदा पुराना गाउँ विकास समिति र नगरपालिकाको संरचनामा व्यापक हेरफेर भएको छ । तसर्थ ती क्षेत्रमा विकास निर्माणका कार्य सन्चालन गर्नका लागि तथ्यांकहरूको अभाव छ । गाउँपालिका र नगरपालिकामा योजना निर्माणका लागि तथा विकास निर्माणका कार्य गर्न यथार्थ सूचनाको आवश्यकता पर्दछ । तर घरधुरी सर्वेक्षणबाट प्राथमिक तथ्यांक संकलन गरी सूचना प्रबाह गर्न ठूलो खर्च र बर्षौंको समय लाग्ने गर्दछ । यस्तो अवस्थामा छोटो समयमा तथा कम खर्चमा तत्कालका आवश्यकता पूरा गर्ने उद्देश्यले जनगणना २०६८ को प्रतिवेदनलाई आधार मानेर यो पार्श्वचित्र निर्माण गरिएको छ । यसले तत्कालका लागि योजनाहरू सन्चालन गर्न शरल हुने छ ।

सामान्य अर्थमा कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजबिजका बारेको तथ्य वा बिस्तृत विवरणलाई सूचना भनिन्छ । सूचना गाउँपालिकाहरूका विविध प्रकारका जानकारी दिने विषयवस्तु हुन् । सूचनाहरू संकलनका आधारमा दुई प्रकारका हुन्छन्, जुन प्राथमिक र द्वितीयक सूचना हुन् । प्राथमिक सूचना संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गर्दछ भने अरूले संकलन गरेर प्रयोग गरेका सूचनालाई द्वितीयक सूचना भनिन्छ । सूचनाहरूलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अर्न्तगत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन नगरी सबै वा अनावश्यक मात्रामा प्रस्तुत गर्नाले मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । सूचना व्यवस्थापनबाट यसमा हुनसक्ने त्रुटीमा पनि कमी आउने गर्दछ ।

गाउँको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक सूचनाको आवश्यकता पर्दछ । साथै गाउँपालिका भित्रका सूचना संकलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पनि गाउँपालिकाको नै हुने गर्दछ । तर हालसम्म भरखरै घोषणा भएका गाउँपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका तयार भएको पाईंदैन । तसर्थ अलगअलग गाउँपालिका तथा नगरपालिकाले तयार गरेका वस्तुगत विवरणको ढाँचामा पनि एकरूपता पाउन सकिंदैन । वास्तबमा यस वस्तुगत विवरणको एउटा खाका तयार पारी त्यसैको आधारमा आवश्यक सूचना प्रवाह गर्ने कार्यलाई महत्व दिइएको छ । यसलाई निश्चित खाका तयार पारी त्यसैको परिधिभित्र रहेर तयार पारिएको छ । यसमा तथ्यांकको शुद्धताका लागि अनेक प्रकारका विधिहरू प्रयोग गरिएका छन् । प्रस्तुत वस्तुगत विवरण तयारीमा

द्वितीयक र प्राथमिक तथ्यांकका साथमा जनगणना २०६८ को प्रतिवेदनलाई पनि आधार मानिएको छ । साथै वन, पशु, भूमिसुधार, स्वास्थ्य, भेटेनरी र अन्य विभिन्न क्षेत्रगत कार्यालयका सूचना र प्रतिवेदनहरूको संकलन र अध्ययन गरी यस वस्तुगत विवरणलाई पूर्णता दिने प्रयास गरिएको छ ।

प्रस्तुत वस्तुगत विवरणले गाउँको समग्र सूचना दिने हुँदा यसले गाउँको समस्त विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्ने मान्यता छ । साथै गाउँको समग्र सूचना आवश्यक पर्ने जिज्ञासु र अध्ययन अनुसन्धानकर्तालाई पनि यस वस्तुगत विवरणले आवश्यक सूचना प्रवाह गर्ने विश्वास गरिएको छ ।

## मुख्य उद्देश्यहरू

गाउँपालिकाको वस्तुगत विवरण अध्ययन या पार्श्वचित्र निर्माणबाट आवश्यकता अनुसारका सूचना एकतृत हुने तथा तिनीहरूलाई प्रबाह गर्न सकिने हुन्छ । यसका साथमा यस वस्तुगत विवरण निर्माण कार्यका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- गाउँपालिकाको सूचनासम्बन्धी तत्कालको अभावलाई पूरा गर्ने ।
- गाउँपालिकाको वास्तविक र सही सूचना संकलन गरी व्यवस्थापन गर्ने ।
- गाउँपालिकाका तथ्यांकहरू आवश्यकताअनुसार सम्बद्ध निकायलाई उपलब्ध गराउने ।
- गाउँपालिका भित्रका स्रोत, साधन र शीपको पहिचान गरी त्यसको सदुपयोग गर्ने तथा सम्भावित जोखिमहरूबाट बँच्ने उपायहरूको खोजी गर्ने ।
- योजना छनौट पछि प्राथमिकता निर्धारणका लागि आधार तयार पार्ने ।
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त गर्ने ।
- आवश्यक हुने निकाय र व्यक्तिलाई छिटो र छरितो ढङ्गमा सूचना उपलब्ध गराउने ।

प्रस्तुत वस्तुगत विवरण तयारीका मुख्य उद्देश्यहरूमा सूचनाको व्यवस्थापन गरी आवश्यकता अनुसार लिपिबद्ध गर्ने र प्रयोगमा ल्याउने विषयवस्तु पर्दछन् । विकास निर्माणका कार्यसँग समन्वय गरी स्थानीय मानिसहरूलाई सेवा सुविधा उपलब्ध गराउन पनि यी सूचनाहरू उपयोगी हुने छन् । यिनीहरूलाई वेभसाईटमा अपलोड गरी राख्नाले यस्ता सूचनाहरू विश्वका कुनै पनि कुनामा बसेर सहज रूपमा प्राप्त गर्न सकिने छन् ।

## महत्व

विकासका प्रतिफलहरू स्थानीय जनता समक्ष पुऱ्याउन र सबै वर्गका मानिसहरूले उपभोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति उजागर गर्न आवश्यक हुने गर्दछ । आजको विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढङ्गले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका कियाकलापहरू संचालन गर्न विशेष महत्व राख्ने स्पष्ट छ । यसका अतिरिक्त प्रस्तुत वस्तुगत विवरण सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक र समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले प्रस्तुत वस्तुगत विवरण तयारी कार्य महत्वपूर्ण रहेको छ । तसर्थ यस गाउँपालिकाको पाश्वचित्र निर्माण गर्ने कार्य गरिएको हो ।

## प्रयोग गरिएका विधिहरू

गाउँपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि विगतमा तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र विगतमा तयार पारिएका गाउँ विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरूको अध्ययन गरिएको छ । यसका साथै यस क्षेत्रका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार लिएर अध्ययन विधि निर्क्योल गरिएको छ । यसरी पार्श्वचित्र तथा सूचना संकलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना संकलन गर्ने तथा अनुसन्धानात्मक ढङ्गमा त्यसलाई विश्लेषण तथा प्रस्तुतिकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यतामा अभिबृद्धि भएको छ भने दोहोरोपना पनि हटेर गएको छ । यहाँ प्रस्तुत सूचनाहरू जनगणना २०६८ को प्रतिवेदन तथा स्थलगत अध्ययनबाट पनि संकलन गरिएका छन् । सम्बन्धित क्षेत्रको अवलोकन गर्ने, छलफल गर्ने तथा छनौट भएका सम्बद्ध व्यक्तिहरूलाई प्रश्नावली भराएर् पनि सूचना संकलन गरिएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दिएको ढाँचाका आधारमा नै यसका सूचनाहरू संकलन र प्रकाशन गरिएका छन् ।

गाउँपालिकाको वस्तुगत विवरण तयारीका लागि सर्वप्रथम जनगणनाको प्रतिवेदनलाई अध्ययन गरिएको छ । यसमा विभिन्न संघसंस्था र कार्यालयका प्रतिवेदनलाई पनि आधार मानिएको छ । यसका साथै स्थानीय मानिसहरूसँगको छलफलबाट पनि केही तथ्यांक संकलन गरिएका छन् । यसरी विभिन्न क्षेत्रबाट सूचनाहरू प्राप्त भएपछि तिनीहरूलाई विश्लेषण गरिएको छ । यसका लागि वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीयक सूचनाका श्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरूको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र गाउँपालिकाको अवस्था झल्कने गरी वस्तुगत विवरण तयार पारिएको छ ।

## सूचना विश्लेषण र प्रस्तुतिकरण

वस्तुगत विवरण तयारीका क्रममा सूचना संकलन, जनगणना प्रतिवेदनको अध्ययन र स्थानीय मानिसहरूसँग छलफल गरेपछि प्राप्त भएका तथ्यांकलाई CSPro 3.3 सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गर्ने काम गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागि द्वीतियक स्रोतसँग तुलना गरिएको छ । प्राप्त तथ्यांकलाई विश्लेषण गरी नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । प्राप्त सूचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ । गाउँपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पार्ने क्रममा विभिन्न विषयवस्तुलाई विभिन्न प्रकारका सूचकका रूपमा प्रयोग गरिएको छ ।

## वस्तुगत विवरणको क्षेत्र र सीमा

प्रस्तुत वस्तुगत विवरणको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा यसको उद्देश्यले दर्साएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिईएको छ । साधन, श्रोत, समय, लागत र सूचना लगायत अन्य विषयवस्तुहरूको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ । छोटो समयमा र कम खर्चमा पार्श्वचित्र निर्माण गर्नुपर्ने बाध्यता रहेको हुँदा जनगणनाको प्रतिवेदनलाई आधार मानिएको छ । यता विभिन्न संघसंस्थाका प्रतिवेदनलाई पनि यसमा आधार मानिएको छ । प्राथमिक तथ्यांक संकलनका लागि भने घरधुरी सर्वेक्षण गर्न धेरै समय लाग्ने हुनाले स्थानीय मानिसहरूसँग छलफल गर्ने, निश्चित व्यक्तिलाई छोटो प्रश्नावली भराउने तथा पुराना प्रतिवेदनबाट पनि सूचनाहरू लिने गरिएको छ ।

प्रस्तुत वस्तुगत विवरणका सीमाको विषयमा यसमा मिक्लाजुङ्ग गाउँपालिका भित्रका सूचनामात्र समाविष्ट छन् । यसका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतसामग्रीको प्रयोग गरी सूचना संकलन गरिएको छ । विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा स्थानीय मानिसहरूसँग छलफल गरिएको छ । यस बांहेक जनगणना २०६८ को प्रतिवेदन, गाविसहरूका रेकर्ड, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ । सम्बद्ध कार्यालयहरूका प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ । तिनका प्रकाशित र अप्रकासित दुवै प्रकारका प्रतिवेदनको पनि सहयोग लिएको छ । त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो पार्श्वचित्र तयार पारिएको छ ।

# परिच्छेद दुई

# मिक्लाजुङ्ग गाउँपालिकाको परिचय

## ऐतिहासिक पृष्ठभूमि

मोरङको मिक्लाजुङ्ग गाउँपालिका जिल्लाको उत्तरपूर्वी भागमा पर्दछ । यस गाउँपालिकाको धेरैजसो भूभाग भीर र जङ्गल तथा पहाडले ढाकेको हुँदा केही विकट छ । यसको दक्षिणी भाग भने भाबर र तराई प्रदेशमा पर्दछ । तर यसको धेरै जमिन पहाडी भागमा नै छ । मोरङको टाँडी, मधुमल्ला र जाँते लगायतका क्षेत्रमा धेरै पहिलेदेखि मानिसहरूको बसोबास भएको देखिन्छ । यसको माथ्लो भाग जङ्गल र भीर पाखामा पर्ने हुँदा अघि मानिसहरूलाई त्यसको बारेमा खासै चासो थिएन । तर पनि मोरङ्ग झाडीका रूपमा विकास भएको समयमा मिक्लाजुङ्गको तल्लो भागतिर मानिसहरूको बसोबास थियो । तल्लो भागमा औलो र महामारीका कारणले मध्यकालताका मानिसहरू यसको भावर तथा आसपासका भागमा बसोबास गरेका थिए । जस्तो टाँडीको चुलीवन क्षेत्रमा अघि राजवंशीहरूको बसोबास भएको देखिन्छ । भोगटेनी भेगमा धिमालहरूको बसोवास भए सरहनै चुलीवन क्षेत्रमा कोचेहरूको बसोबास रहेको अनुमान छ । त्यहाँका राजा र रानी पोखरी तथा कोचेनी पोखरीको अवस्थिति तथा त्यस भेगमा प्रचलित किंवदन्तीहरूका आधारमा चुलीवन क्षेत्रमा धेरै पहिले राजवंशीहरूको बसोबास भएको बुझ्न सकिन्छ ।

अघि मिक्लाजुङ्ग भेग किरातीहरूको अधीनमा थियो । यो यस भेगको एउटा अग्लो ठाउँमा रहेको किल्ला थियो । मध्यकालताका पाल्पाली सेनहरूले विजयपुर लगायतका क्षेत्र एकीकरण गरेपछि भने मिक्लाजुङ्ग पनि तिनको अधीनमा पर्‍यो । सेनहरूले मिक्लाजुङ्गको माथ्लो भागको प्रशासनिक जिम्मेवारी भने पूर्ण रूपमा स्थानीय लिम्बू शासकलाई दिएका थिए । यो भेग कुनै वेला इलाम र सिक्किमको अधीनमा पनि थियो । पछि एकीकरणको अभियान पछि सम्पूर्ण विजयपुर बृहत्तर नेपालमा गाभिएकाले यो भेग पनि स्वतहनै बृहत्तर नेपालमा पर्न पुग्यो । त्यसपछि यो भेग केही समयका लागि साँगुरीगढीबाट प्रशासित भयो भने यसको माथ्लो भागको प्रशासन हेर्ने काम धनकुटा तिरबाट भयो । यस गाउँपालिकाको टाँडी, मधुमल्ला र जाँते लगायतका भागको प्रशासन भने मोरङ गोश्वाराबाट हेर्न लागियो । यसको केन्द्र रङ्गेली थियो । वि.सं. १८७२ सालमा यस भेगको सदरमुकाम साँगुरीगढीबाट रङ्गेलीमा सारिएको हो । मिक्लाजुङ्ग गाउँपालिकाको माथ्लो भागको प्रशासन एकीकरण पछि इलाम भेगबाट हेर्ने पनि व्यवस्था मिलाइएको देखिन्छ ।

## नामाकरण

मिक्लाजुङ्ग गाउँपालिकाको नामाकरण यस गाउँपालिकाको उत्तरमा रहेको ठूलो डाँडाका नामका आधारमा रहेको हो । मोरङको सवैभन्दा अग्लो डाँडा यही गाउँपालिकाको उत्तरी भागमा पर्दछ । झापा, इलाम, धनकुटा र पाँचथरको सिमानामा पर्ने यस डाँडाको दक्षिणपश्चिमी भाग मिक्लाजुङ्ग गाउँपालिका मोरङमा पर्दछ । यहाँबाट धेरै टाढासम्मको दृष्य देख्न सकिने हुँदा यस ठाउँलाई लिम्बुहरूले मिक्लाजुङ्गडाँडा भन्ने गरेको मानिन्छ । यसैगरी अग्लो डाँडामा रहेको किल्लाका रूपमा समेत यसलाई मिक्लाजुङ्ग भनिएको हुनसक्ने देखिन्छ । यस डाँडामा प्रसस्तै मालिङ्गो बाँस पाइने हुनाले पनि यसलाई मिक्लाजुङ्ग भनिएको हुन सक्तछ । यसरी जे भए पनि ऐतिहासिक कालमा मिक्लाजुङ्ग डाँडा विविध दृष्टिकोणले महत्वपूर्ण थियो । अघि यस डाँडाको टुप्पामा देवीको एउटा थान थियो, जहाँ गएर मानिसहरूले पूजाआजा गर्ने तथा भाकल बुझाउने गर्दथे । तर पछि गएर मानिसहरू त्यहाँ जानआउन छाडेपछि उनीहरूले डाँडाको पश्चिमपट्टि

भिरालो पाखामा एउटा मन्दिर निर्माण गरी किराँती मुन्धुम अनुसार पूजाआजा गर्न थालेका छन् । तसर्थ मिक्लाजुङ्ग धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले पनि प्रख्यात छ ।

## अवस्थिति

मोरङको उत्तरपूर्वी भागमा पर्ने मिक्लाजुङ्ग गाउँपालिका नक्सामा हेर्दा ठाडो त्रिकोणात्मक आकारमा रहेको देखिन्छ । यो गाउँपालिका रमितेखोला र टाँडी गाविसका सवै वडा तथा जाते र मधुमल्ला गाविसका केही वडाहरू मिलाएर वि.सं. २०७३ सालमा पुनर्निर्माण गरिएको हो । गाउँपालिका निर्माणका कममा साविकको रमितेखोला गाविसलाई यसको वडा नं १, टाँडी गाविसका १, ६ र ७ नं. वडालाई यसको वडा नं. २ बनाइएको छ । यसैगरी टाँडीका वडा नं. २, ८ र ९ लाई मिक्लाजुङ्गको वडा नं ३ तथा टाँडीका वडा नं. ३, ४ र ५ लाई भने मिक्लाजुङ्गको वडा नं. ४ कायम गरिएको छ । नयाँ संरचनामा जाँते गाविसको वडा नं. ३ र ४ लाई मिक्लाजुङ्गको वडा नं. ५ तथा मधुमल्ला गाविसका ४ र ५ नं. वडालाई यसको वडा नं. ६ बनाइएको हो । यसैगरी मधुमल्ला गाविसका वडा नं. २ लाई यसको वडा नं. ७, वडा नं. ३ लाई ८ तथा १ र ६ लाई वडा नं. ९ कायम गरिएको छ । यसरी उत्तरपूर्वी मोरङका यी चारवटा गाविसलाई मिलाएर मिक्लाजुङ्ग गाउँपालिका बनाईएको छ । यस गाउँपालिकामा रमितेखोला र टाँडीका सवै वडा, जाँतेका २ वटा वडा तथा मधुमल्लाका ६ वटा वडा मिलाइएको छ । यसरी यस गाउँपालिकामा जम्मा ९ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने गाउँपालिकाको उत्तरमा रहेको मोरङ्गको सवैभन्दा अग्लो पहाड मिक्लाजुङ्गको नामका आधारमा राखिएको हो । मिक्लाजुङ्ग मोरङको ज्यादा पहाड भएको गाउँपालिका हो ।

## सिमाना

मिक्लाजुङ्ग गाउँपालिका मोरङको उत्तरपूर्वी भागमा पर्दछ । यस गाउँपालिकाले इलाम, पाँचथर, झापा र धनकुटा जिल्लालाई छोएको छ । यस गाउँपालिकाको सिमाना दक्षिण उर्लावारी नगरपालिका, पूर्वमा इलाम र झापा जिल्ला, पश्चिममा लेटाङ्ग नगरपालिका र उत्तरमा धनकुटा र पाँचथर जिल्ला पर्दछन् । समुद्र सतहबाट करिव २४१० मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको सवैजसो भाग पहाडी भागमा पर्दछ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग वन, भीर र पाखोले ओगटेको छ ।

## क्षेत्रफल

मिक्लाजुङ्ग गाउँपालिकाको क्षेत्रफल १५८.९८ ब.कि.मी. रहेको छ । यसको धेरै भूभाग पहाड, भीर र पाखाले ढाकेको छ । यसको उत्तरतिर अग्लो पहाडी भाग पर्दछ । मिक्लाजुङ्ग पहाड यसको सवैभन्दा अग्लो पहाड हो, जसको उचाई समुद्र सतहदेखि करिव २४१० मिटर रहेको छ । यस पहाडको केही भाग पाँचथर र इलामतर्फ पनि पर्दछ । मोरंगको मिक्लाजुङ्ग गाउँपालिकातिर भने यसको दक्षिणपश्चिमी भाग पर्दछ ।

## भौगोलिक स्वरूप

मिक्लाजुङ्ग मोरङको ज्यादा पहाड भएको गाउँपालिका हो । यसको पहाडी भाग दक्षिणतिर मोहडा फर्किएको छ । यसको उत्तरतिर विभिन्न चुचुरा छन् । यिनमा सवैभन्दा अग्लो चुचुरा मिक्लाजुङ्ग हो । यो चुचुरा पाँचथर, इलाम र धनकुटाको सिमाना पनि हो । यसको दक्षिणी मोहडा यस गाउँपालिकामा पर्दछ । मिक्लाजुङ्ग लगायतका माथ्लो भूभागदेखि दक्षिणतिर यो गाविसको भूभाग पर्ने हुनाले यहाँको जमिन दक्षिणतिर ढाल परेको छ । यस गाउँपालिकाको तल्लो भूभाग पनि केही कम भिरालो तर दक्षिणतिर ढाल फर्किएको नै छ । मिक्लाजुङ्ग गाउँपालिका भित्र पर्ने मधुमल्ला, टाँडी र जाँतेका केही भाग भावर क्षेत्रसम्म फैलिएका छन् ।

तसर्थ यस गाउँपालिकाको अधिकांश भौगोलिक-स्वरूप पहाडी भिरालो जमिनले बनेको छ । यहाँ कतिपय ठाउँमा बसेको जमिन र टाहारहरू पनि छन् । यस्तो बसेको ठाउँमा गाउँ तथा बस्ति छन् भने भीर र भीरालो जमिनमा वनजङ्गलले ढाकेको छ ।

## हावापानी र तापकम

मोरङको मिक्लाजुङ्ग गाउँपालिकाको हावापानी समसितोष्ण प्रकारको रहेको छ । यस गाउँपालिकाको उत्तरी भागको हावा पानी केही चिसो छ भने यसको तल्लो भागमा केही न्यानो हुने गर्दछ । यहाँको तापकम हिउँद याममा निकै कम हुने गर्दछ भने वर्षा याममा पनि उत्तरी अग्लो भागमा त्यति गर्मी हुँदैन । तर यसको तल्लो भागमा वर्षा याममा निकै गर्मी हुने गरेको छ । यहाँको औषत तापकम ८ देखि ३४ डिग्री सेल्सियसको बीचमा रहने गर्दछ । यस गाउँपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ । यहाँको औषत वर्षा ११०० मिलिलिटर रहेको छ ।

## वनजङ्गल र वन्यजन्तु

उर्लावारी नगरपालिकाको उत्तरतिर पर्ने तथा अत्यधिकजसो क्षेत्र पहाडले ढाकेको मिक्लाजुङ्ग गाउँपालिकामा धेरै भूभाग जङ्गलले ढाकेको छ । यस गाउँपालिका भित्र ११ वटा सामुदायिक वनहरू छन् । तसर्थ यो गाउँपालिका वनजङ्गलका दृष्टिले निकै महत्वपूर्ण छ । यस गाउँपालिकाको अत्यधिक जसो भूभाग भीर र पाखाले ढाकेको छ र तिनमा जङ्गल संरक्षण गरिएको छ । तसर्थ मोरङको यस गाउँपालिकामा यति धेरै सामुदायिक वन भएका हुन् । यस स्थानमा एउटा धार्मिक वन पनि छ ।

मोरङको मिक्लाजुङ्ग गाउँपालिकामा वनक्षेत्र निकै ज्यादा रहेको हुनाले यहाँ जङ्गली जनावर पनि प्रशस्तै पाइने गरेका छन् । यहाँ विभिन्न प्रकारका जिवजन्तु र चराचुरूङ्गीहरू पाइन्छन् । मृग, खरायो, स्याल, मलसाँप्रो, ढेडु, बाँदर, बनेल, लोखर्के र दुम्सी जस्ता जनावरहरू, विभिन्न प्रकारका चराचुरूङ्गीहरू र किटपतङ्गहरू यस भेगमा पाइन्छन् । पुतली, कमीला, धमिरा, साप, अजिङ्गर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक प्रकारका जडिबूटी पनि यहाँको वन क्षेत्रमा पाइने गर्दछन् । यसरी मिक्लाजुङ्ग गाउँपालिका जीवजन्तुका दृष्टिले निकै महत्वपूर्ण छ ।

## स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरूको विवरण

| क्र.सं. | चाडपर्व | जात्रा | मेलाहरूको नाम | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|---|---|
| १ | दशैं, तिहार, छैट, शिवरात्री, माघेसंकान्ति, तीज, ऋषितर्पणीपूर्णिमा, चैतेदशैं, बुद्धजयन्ती, साउने संकान्ति, श्रीपन्चमी, व्यासपूर्णिमा, फागुपूर्णिमा, सिरूवा, माघी | | | | | क्षेत्री, ब्राह्मण, मगर, राई, लिम्बू, दमाई, कामी र गुरूङ्ग, थारू आदि |
| २ | उँधौली, उँभौलि पर्व (साकेला) | | | | | राई, लिम्बू आदि |
| ३ | ल्होसार, मनिरिम्दू | | | | | तमाङ्ग आदि |

श्रोतः मिक्लाजुङ्ग गाउँपालिका कार्यालय ।

मोरंगको मिक्लाजुङ्ग गाउँपालिकामा विभिन्न जातजाति र धर्ममा मानिसहरूको बसोबास रहेको छ । तसर्थ तिनीहरूले सालभरमा अनेक प्रकारका चाडपर्वहरू मनाउने गर्दछन् । विशेषगरी हिन्दूहरूले दशैं, तिहार, साउने संक्रान्ति, शिवरात्री, माघेसंक्रान्ति, चैतेदशैं, फागुपूर्णिमा, कार्तिक पूर्णिमा, छैट र तीजजस्ता पर्वहरू मनाउने गर्दछन् । यता किरातीहरूले उँधौलीउँभौली या साकेला लगायतका पर्वहरू मनाउँछन् । यसैगरी बौद्धमार्गीले ल्होसार, मनिरिम्दू र न्यूग्ने पर्व मनाउने गर्दछन् । इद, बकिद लगायतका पर्वहरू मुश्लिमले मनाउने गर्दछन् । मिक्लाजुङ्ग पाउँपालिकामा अनेक धर्म र जातजातिका मानिसहरूको बसोबास रहेकाले त्यहाँ सालैभर विभिन्न अवशरमा कोही न कोहीले पर्व मनाईनै रहेका हुन्छन् ।

## पर्यटकीय स्थलहरूको विवरण

| क.सं. | पर्यटकीय स्थलको नाम | वडा नं | स्थलको महत्व | दैनिक औषतमा आउने पर्यटकको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिक्लाजुङ्ग डाँडा | | ऐतिहासिक, सांस्कृतिक, र दृश्यावलोकन | ५ जना | [illegible] |
| २ | चुली पोखरी | | ऐतिहासिक | २ | [illegible] |
| ३ | मिक्लुबेतेनी | | सिमसार, पर्यावरणीय | ५ | [illegible] |
| ४ | नेसेलुङ्ग डाँडा | | दृश्यावलोकन | २ | [illegible] |

श्रोतः मिक्लाजुङ्ग गाउँपालिका कार्यालय ।

मोरडको मिक्लाजुङ्गडाँडा यस भेगको सवैभन्दा महत्वपूर्ण पर्यटकीय क्षेत्र हो । यस भेगको सवैभन्दा अग्लो डाँडा पनि यहीनै मानिन्छ । यसको उचाई २४१० मिटर छ, जसको टुप्पाबाट पूर्वान्चलका १६ वटै जिल्लाका साथमा भारतको विहार र पश्चिम बंगालका थुप्रै स्थलहरूको अवलोकन गर्न सकिन्छ । यता चुलीपोखरी र मिक्लुबेतेनी पोखरी भने यस भेगका महत्वपूर्ण सिमसारहरू हुन् । यी क्षेत्रहरूको पूर्वाधार विकास र प्रचारप्रसार गरिएको खण्डमा यिनले यस भेगको मात्र नभएर पूर्वान्चलकै पर्यटन विकासमा महत्वपूर्ण सहयोग गर्ने स्पष्ट छ । यस बाहेक पनि यस भेगमा थुप्रै प्रकारका पर्यटकीय क्षेत्रहरू छन्, जसको पहिचान गरी विकास र प्रचारप्रसार गरिएमा तिनीहरूले यस गाउँपालिकाको विकासमा समेत सहयोग गर्ने देखिन्छ ।

# परिच्छेद तीन

# आधारभूत तथ्यांक विश्लेषण

## खण्ड एक

## व्यक्तिगत विवरण

### जनसंख्याको विवरण

मोरङको मिक्लाजुङ्ग गाउँपालिकाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार २८७०८ जना रहेको छ, जसमा महिला १५५४९ जना र पुरूष १३१५९ जना छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार यहाँको जनसंख्या २७५१९ थियो, जसमा महिला १४०१५ जना र पुरूष १३५०४ जना थिए । वि.सं. २०६८ सालपछि पनि यस गाउँपालिकाको जनसंख्या निकै बृद्धि भएको छ । तर यहाँको जनसंख्याको बृद्धि निकै कम मात्रामा भएको छ । तलको तालिकामा यस गाउँपालिकाको वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाअनुसारको जनसंख्या र घरपरिवार संख्या दिइएको छ ।

**तालिका नं. १**

**गाउपालिकाको वडा न घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण**

| वडा नं. | लिङ्ग (२०६८) | | जम्मा | घरपरिवार संख्या | औषत परिवार संख्या | लैङ्गिक अनुपात | लिङ्ग (२०५८) | | जम्मा | औषत बार्षिक जनसंख्या बृदिदर पुरूष | औषत बार्षिक जनसंख्या बृदिदर महिला | औषत बार्षिक जनसंख्या बृदिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | | | | | पुरूष | महिला | | | | |
| १ | १६५२ | १७१७ | ३३६९ | ६१८ | ५.४५ | ९६.२१ | | | | | | |
| २ | १२७६ | १४३४ | २७१० | ५९० | ४.५९ | ८८.९८ | | | | | | |
| ३ | १५५९ | १९१९ | ३४७८ | ७९४ | ४.३८ | ८१.२४ | | | | | | |
| ४ | १४८२ | १७३८ | ३२२० | ७०२ | ४.५९ | ८५.२७ | | | | | | |
| ५ | ६५९ | ७८५ | १४४४ | ३४८ | ४.१५ | ८३.९५ | | | | | | |
| ६ | २१९६ | २६७० | ४८६६ | १११९ | ४.३५ | ८२.२५ | | | | | | |
| ७ | १६९३ | २१३३ | ३८२६ | ९१२ | ४.२० | ७९.३७ | | | | | | |
| ८ | ९१९ | ११३९ | २०५८ | ४५६ | ४.५१ | ८०.६८ | | | | | | |
| ९ | १७२३ | २०१४ | ३७३७ | ८७८ | ४.२६ | ८५.५५ | | | | | | |
| जम्मा | १३१५९ | १५५४९ | २८७०८ | ६४१७ | ४.४७ | ८४.६३ | १३५०४ | १४०१५ | २७५१९ | -०.२६ | १.०४ | ०.४२ |

**श्रोत: जनगणना प्रतिवेदन २०६८ ।**

माथिको तालिकामा देखाइएअनुसार मिक्लाजुङ्ग गाउँपालिकाको कूल जनसंख्या २८७०८ जना पुगेको छ । यहाँ पुरूषको संख्या १३१५९ जना र महिलाको संख्या भने यस भन्दा केही ज्यादा १५५४९ जना छ । मिक्लाजुङ्गको घरपरिवार संख्या भने ६४१७ जना छ । यहाँको औषत परिवार संख्या ४.४७ रहेको देखिन्छ । यता लैंगिक अनुपात भने ८४.६३ रहेको छ । यहाँ महिलाको तुलनामा पुरूषको संख्या केही कम छ ।

मिक्लाजुङ्ग गाउँपालिकाको औषत जनसंख्या बृद्धिदर ०.४२ प्रतिशत रहेको छ । वडागत आधारमा सवैभन्दा बढी घरपरिवार भएको वडा नं. ६ हो, जसमा १११९ घरपरिवार छन् । यता सवैभन्दा कम घरपरिवार वडा नं. ८ मा ४५६ वटा रहेको देखिन्छ ।

मिक्लाजुङ्ग गाउँपालिकाको लैङ्गिक अंनुपात ८४.६३ रहेको छ । यसको मतलव यहाँ प्रति १०० महिलामा ८४.६३ जना पुरूषहरू रहेका छन् । यसबाट यस गाउँपालिकामा पनि महिलाको तुलनामा पुरूषको संख्या कम रहेको पाइएको छ । यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ ।

**रेखाचित्र नं. १**

**लिङ्गका आधारमा जनसंख्या**




### जनसंख्या प्रक्षेपण

मोरङको मिक्लाजुङ्ग गाउँपालिकाको जनसंख्यालाई विभिन्न समयका लागि प्रक्षेपण गर्ने कार्य पनि गरिएको छ । यस गाउँ पालिकाको लिङ्गअनुसारको जनसंख्या निम्नानुसारले बृद्धि हुने अनुमान गरिएको छ ।

**तालिका नं. २**

**लिङ्ग अनुसार विभिन्न वर्षहरूको अनुमानित जनसंख्या विवरण**

| सि.नं. | लिङ्ग (२०६८) | | | २०७४ को अनुमानित जनसङ्ख्या | | | २०७५ को जनसङ्ख्या | | | जनसंख्या दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | |
| १ | १३१५९ | १५५४९ | २८७०८ | १२९५६ | १५९४८ | २९४४४ | १२९२२ | १६०१५ | २९५६९ | १६४ |
| जम्मा | १३१५९ | १५५४९ | २८७०८ | १२९५६ | १५९४८ | २९४४४ | १२९२२ | १६०१५ | २९५६९ | १६४ |

**स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार मोरङको मिक्लाजुङ्ग गाउँपालिकाको वि.सं. २०६८ सालको जनसंख्या २८७०८ जना रहेको छ । यता वि.सं. २०७४ सालमा यो जनसंख्या २९४४४

जना पुगेको तथा वि.सं. २०७५ सालमा भने २९५६९ पुग्ने अनुमान गरिएको छ । यस गाउँपालिकामा जनसंख्या दोब्बर हुन भने जम्मा १६४ वर्ष लाग्ने अनुमान छ । यसरी यस गाउँ पालिकाको जनसंख्या सामान्य रूपमा बृद्धि भएको देखिन्छ ।

## लिङ्ग अनुसार घरमुली

मिक्लाजुङ्ग गाउँपालिकाको जनसंख्याको विवरण हेर्दा यहाँ महिलाको तुलनामा पुरूषहरूको घरमुली संख्या धेरै रहेको देखिन्छ । यस गाउँपालिकामा जम्मा ६४७१ घरपरिवार मध्ये ४४४२ जना घरमुली पुरूषहरू नै रहेका छन् भने महिला घरमुली संख्याचाहिं निकै न्युन मात्रमा १९७५ जनामात्र रहेको छ । तलको तालिकामा लिङ्गअनुसारको घरमुलीको संख्या देखाइएको छ ।

तालिका नं. ३

३ वडा नं. तथा लिङ्ग अनुसार घरपरिवार मूलीको संख्या

| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरूष | महिला | |
| १ | ५२४ | ९४ | ६१८ |
| २ | ४०० | १९० | ५९० |
| ३ | ५७० | २२४ | ७९४ |
| ४ | ५१६ | १८६ | ७०२ |
| ५ | २४९ | ९९ | ३४८ |
| ६ | ७४४ | ३७५ | १११९ |
| ७ | ५६५ | ३४७ | ९१२ |
| ८ | २९७ | १५९ | ४५६ |
| ९ | ५७७ | ३०१ | ८७८ |
| जम्मा | ४४४२ | १९७५ | ६४१७ |

श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा दिइएको लिङ्गअनुसारको घरमुलीको विवरणमा सवैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. ९ हो, जहाँ जम्मा ३०१ जना महिलाहरू घरमुली रहेका देखिन्छन् । सामान्यतया आदिवासि जनजातिको वसोबास भएका वडाहरूमा महिला घरमुलीको संख्या ज्यादा रहने गरेको देखिन्छ। यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।

रेखाचित्र नं. २

लिङ्गअनुसार घरमूली संख्या




माथिको लेखाचित्रमा देखाइए अनुसार मोरङको मिक्लाजुङ्ग गाउँपालिकाका ३०.८ प्रतिशत घरहरूमा मूलीका रूपमा महिलाहरू रहेका छन् भने बाँकी ६९.२ प्रतिशत घरका मूली भने पुरूषहरू नै छन् । तसर्थ यहाँका घरको संचालनमा पुरुषहरूकै बाहुल्यता रहेको देखिन्छ । जनगणना २०५८ अनुसार पुरूष घरमुलीको प्रतिशत यसभन्दा केही ज्यादा थियो । तसर्थ हाल आएर पुरूषको तुलनामा महिलाको घरमुलीको प्रतिशत केही बृद्धि भएको देखिन्छ । तर पनि कुल परिवार संख्याको आधारमा खासै उल्लेखनिय सुधार भएको पाइएको छैन ।

## समूहगत उमेरको जनसंख्या

जनसंख्याको विश्लेषणमा उमेर समूहको महत्वपूर्ण उपयोगिता रहेको हुन्छ । यसले गाउँपालिकाको गत जनसंख्याको ढाँचालाई वर्गिकरण गरेर कुन उमेरका मानिसहरूको संख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ । यस गाउँपालिकामा सवैभन्दा ज्यादा संख्या १० देखि १४ वर्षको बीचको उमेर समूहका मानिसहरूको रहेको छ । यिनीहरूको संख्या गाउँपालिकाको कूल जनसंख्याको १२.१४ प्रतिशत रहेको देखिन्छ । यसैगरी सवैभन्दा कम संख्यामा रहेका उमेर समूहका मानिसहरू ६५ देखि ६९ वर्षको उमेर समूहको छ । यहाँ यिनीहरूको संख्या जम्मा २.२० प्रतिशत मात्र रहेको देखिन्छ । तीन वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ७.२२ प्रतिशत रहेको छ भने पूर्व प्राथमिक विद्यालयमा जाने उमेरका ४ देखि ५ वर्ष उमेरका बालबालिका ४.०७ प्रतिशत अर्थात ११६८ जना रहेका छन् । यहाँ ६ देखि ९ वर्ष उमेरका बालबालिका भने ९.२३ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकाको उमेर समूहको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.४

उमेर समूह तथा लिङ्ग अनुसार गाउँपालिका को जनसंख्या ।

| सि.नं. | उमेर समूह | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | |
| १ | ३ वर्ष भन्दा कम | १०५१ | १०२१ | २०७२ | ७.२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ४ देखी ५ | ६१० | ५५८ | ११६८ | ४.०७ |
| ३ | ६ देखि ९ | १३२२ | १३२९ | २६५१ | ९.२३ |
| ४ | १० देखी १४ | १७८६ | १७५० | ३५३६ | १२.३२ |
| ५ | १५ देखि १९ | १६१४ | १७२८ | ३३४२ | ११.६४ |
| ६ | २० देखि २४ | ८९२ | १५८५ | २४७७ | ८.६३ |
| ७ | २५ देखि २९ | ७३४ | १४०० | २१३४ | ७.४३ |
| ८ | ३० देखि ३४ | ७६३ | ११२२ | १८८५ | ६.५७ |
| ९ | ३५ देखि ३९ | ६५१ | ९१६ | १५६७ | ५.४६ |
| १० | ४० देखि ४४ | ६७१ | ८९० | १५६१ | ५.४४ |
| ११ | ४५ देखि ४९ | ६१७ | ७६० | १३७७ | ४.८० |
| १२ | ५० देखि ५४ | ६५९ | ६९२ | १३५१ | ४.७१ |
| १३ | ५५ देखि ५९ | ५२१ | ४९३ | १०१४ | ३.५३ |
| १४ | ६० देखि ६४ | ४३५ | ४५४ | ८८९ | ३.१० |
| १५ | ६५ देखि ६९ | २९८ | ३३५ | ६३३ | २.२० |
| १६ | ७० वर्ष भन्दा माथि | ५३५ | ५१६ | १०५१ | ३.६६ |
| | जम्मा | १३१५९ | १५५४९ | २८७०८ | १००.०० |

**श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा दिएअनुसार ७० वर्षभन्दा माथिको या आश्रित तथा जेष्ठ नागरिकको संख्या पनि ३.६६ प्रतिशत रहेको छ । समग्रमा यस गाउँपालिकामा पुरूषको तुलनामा महिलाहरूको संख्या ज्यादा रहेका उमेर समूह भने ६ देखि ९ वर्ष, १५ देखि १९ वर्ष, २० देखि २४, २५ देखि ५४ र ६० देखि ६९ वर्ष उमेर समूहका मानिसहरू छन् । यता ७० वर्षभन्दा माथिको जनसंख्यामा भने पुरूषको संख्या ज्यादा रहेको देखिन्छ । यसबाट ज्यादा लामो समयसम्म बाँच्ने मानिसहरू यस गाउँपालिकामा पुरूषहरू ज्यादा भएको देखिन्छ ।

**लेखाचित्र नं. ३**

**लिङ्ग तथा उमेर समूह अनुसार जनसंख्याको पिरामिड ।**



## उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या

यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको छ । उमेरका आधारमा दस वर्षदेखि माथिका साठी वर्षसम्मको आर्थिक रूपले सक्रिय जनसंख्याको प्रतिशत निकै उच्च रहेको छ । यस गाउँ पालिकाका विभिन्न उमेर समूहका जनसंख्या वडागत रूपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५**

**वडा नं., उमेर समूह तथा लिङ्ग अनुसार गाउँपालिका को जनसंख्या**

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | |
| १ | १ | ३ वर्ष भन्दा कम | १२३ | १२८ | २५१ |
| २ | | ४ देखि ५ | ७६ | ८२ | १५८ |
| ३ | | ६ देखि ९ | १८१ | १६३ | ३४४ |
| ४ | | १० देखि १४ | २३५ | २३० | ४६५ |
| ५ | | १५ देखि १९ | २१४ | २०२ | ४१६ |
| ६ | | २० देखि २४ | १४० | १६२ | ३०२ |
| ७ | | २५ देखि २९ | ९३ | १३७ | २३० |
| ८ | | ३० देखि ३४ | ८६ | ९८ | १८४ |
| ९ | | ३५ देखि ३९ | ९१ | ८७ | १७८ |
| १० | | ४० देखि ४४ | ७७ | ९७ | १७४ |
| ११ | | ४५ देखि ४९ | ७० | ८४ | १५४ |
| १२ | | ५० देखि ५४ | ८४ | ८३ | १६७ |
| १३ | | ५५ देखि ५९ | ५९ | ४५ | १०४ |
| १४ | | ६० देखि ६४ | ४२ | ३३ | ७५ |
| १५ | | ६५ देखि ६९ | ३१ | ३४ | ६५ |
| १६ | | ७० वर्ष भन्दा माथि | ५० | ५२ | १०२ |
| जम्मा | | | १६५२ | १७१७ | ३३६९ |
| १७ | २ | ३ वर्ष भन्दा कम | ८९ | ७४ | १६३ |
| १८ | | ४ देखि ५ | ५० | ६१ | १११ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग |  | जम्मा |
|---|---|---|---|---|---|
|  |  |  | पुरूष | महिला |  |
| १९ |  | ६ देखि ९ | १३८ | १३३ | २७१ |
| २० |  | १० देखि १४ | १९४ | १५७ | ३५१ |
| २१ |  | १५ देखि १९ | १८० | १७८ | ३५८ |
| २२ |  | २० देखि २४ | १०३ | १५४ | २५७ |
| २३ |  | २५ देखि २९ | ६४ | १२३ | १८७ |
| २४ |  | ३० देखि ३४ | ६६ | ९५ | १६१ |
| २५ |  | ३५ देखि ३९ | ५६ | ७१ | १२७ |
| २६ |  | ४० देखि ४४ | ५४ | ७५ | १२९ |
| २७ |  | ४५ देखि ४९ | ५६ | ७४ | १३० |
| २८ |  | ५० देखि ५४ | ६० | ७२ | १३२ |
| २९ |  | ५५ देखि ५९ | ५७ | ४२ | ९९ |
| ३० |  | ६० देखि ६४ | ३४ | ४५ | ७९ |
| ३१ |  | ६५ देखि ६९ | २६ | २९ | ५५ |
| ३२ |  | ७० वर्ष भन्दा माथि | ४९ | ५१ | १०० |
|  | जम्मा |  | १२७६ | १४३४ | २७१० |
| ३३ | ३ | ३ वर्ष भन्दा कम | १२० | १२० | २४० |
| ३४ | ३ | ४ देखि ५ | ७८ | ६० | १३८ |
| ३५ | ३ | ६ देखि ९ | १६३ | १४३ | ३०६ |
| ३६ | ३ | १० देखि १४ | २०० | १९७ | ३९७ |
| ३७ | ३ | १५ देखि १९ | १७२ | २०८ | ३८० |
| ३८ | ३ | २० देखि २४ | ९५ | २२२ | ३१७ |
| ३९ | ३ | २५ देखि २९ | ८४ | १९० | २७४ |
| ४० | ३ | ३० देखि ३४ | ९५ | १३५ | २३० |
| ४१ | ३ | ३५ देखि ३९ | ७२ | १०५ | १७७ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग पुरूष | लिङ्ग महिला | जम्मा |
|---|---|---|---|---|---|
| ४२ | | ४० देखि ४४ | ७७ | ११३ | १९० |
| ४३ | | ४५ देखि ४९ | ८९ | १०२ | १९१ |
| ४४ | | ५० देखि ५४ | ८० | ९७ | १७७ |
| ४५ | | ५५ देखि ५९ | ६८ | ६३ | १३१ |
| ४६ | | ६० देखि ६४ | ५२ | ५५ | १०७ |
| ४७ | | ६५ देखि ६९ | ४७ | ५२ | ९९ |
| ४८ | | ७० वर्ष भन्दा माथि | ६७ | ५७ | १२४ |
| | जम्मा | | १५५९ | १९१९ | ३४७८ |
| ४९ | ४ | ३ वर्ष भन्दा कम | ११२ | ११२ | २२४ |
| ५० | | ४ देखि ५ | ७६ | ६२ | १३८ |
| ५१ | | ६ देखि ९ | १३७ | १५४ | २९१ |
| ५२ | | १० देखि १४ | १९५ | १९५ | ३९० |
| ५३ | | १५ देखि १९ | १८७ | २११ | ३९८ |
| ५४ | | २० देखि २४ | १०० | १७९ | २७९ |
| ५५ | | २५ देखि २९ | १०१ | १५७ | २५८ |
| ५६ | | ३० देखि ३४ | ८७ | १०७ | १९४ |
| ५७ | | ३५ देखि ३९ | ६९ | १०८ | १७७ |
| ५८ | | ४० देखि ४४ | ८८ | १०३ | १९१ |
| ५९ | | ४५ देखि ४९ | ६५ | ७९ | १४४ |
| ६० | | ५० देखि ५४ | ६८ | ७७ | १४५ |
| ६१ | | ५५ देखि ५९ | ५२ | ५६ | १०८ |
| ६२ | | ६० देखि ६४ | ५६ | ५५ | १११ |
| ६३ | | ६५ देखि ६९ | ३५ | ३२ | ६७ |
| ६४ | | ७० वर्ष भन्दा माथि | ५४ | ५१ | १०५ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | |
| | जम्मा | | १४८२ | १७३८ | ३२२० |
| ६५ | ५ | ३ वर्ष भन्दा कम | ६१ | ५८ | ११९ |
| ६६ | | ४ देखि ५ | २६ | २६ | ५२ |
| ६७ | | ६ देखि ९ | ५४ | ६७ | १२१ |
| ६८ | | १० देखि १४ | ८६ | ७७ | १६३ |
| ६९ | | १५ देखि १९ | ८८ | ९६ | १८४ |
| ७० | | २० देखि २४ | ४७ | ८० | १२७ |
| ७१ | | २५ देखि २९ | २८ | ६९ | ९७ |
| ७२ | | ३० देखि ३४ | ४४ | ४४ | ८८ |
| ७३ | | ३५ देखि ३९ | २९ | ४६ | ७५ |
| ७४ | | ४० देखि ४४ | ३८ | ४६ | ८४ |
| ७५ | | ४५ देखि ४९ | ३९ | ४२ | ८१ |
| ७६ | | ५० देखि ५४ | ३३ | ४५ | ७८ |
| ७७ | | ५५ देखि ५९ | ३१ | २० | ५१ |
| ७८ | | ६० देखि ६४ | २३ | १८ | ४१ |
| ७९ | | ६५ देखि ६९ | ६ | २१ | २७ |
| ८० | | ७० वर्ष भन्दा माथि | २६ | ३० | ५६ |
| | जम्मा | | ६५९ | ७८५ | १४४४ |
| ८१ | ६ | ३ वर्ष भन्दा कम | १८७ | १७६ | ३६३ |
| ८२ | | ४ देखि ५ | १०८ | ८० | १८८ |
| ८३ | | ६ देखि ९ | २२६ | २३७ | ४६३ |
| ८४ | | १० देखि १४ | २८० | २७४ | ५५४ |
| ८५ | | १५ देखि १९ | २७१ | २९९ | ५७० |
| ८६ | | २० देखि २४ | १४४ | २७४ | ४१८ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग |  | जम्मा |
|---|---|---|---|---|---|
|  |  |  | पुरूष | महिला |  |
| ८७ |  | २५ देखि २९ | ११२ | २४४ | ३५६ |
| ८८ |  | ३० देखि ३४ | ११४ | २०१ | ३१५ |
| ८९ |  | ३५ देखि ३९ | ९९ | १५५ | २५४ |
| ९० |  | ४० देखि ४४ | ११६ | १७१ | २८७ |
| ९१ |  | ४५ देखि ४९ | ९२ | १३२ | २२४ |
| ९२ |  | ५० देखि ५४ | १२३ | ११६ | २३९ |
| ९३ |  | ५५ देखि ५९ | ८१ | ८६ | १६७ |
| ९४ |  | ६० देखि ६४ | ८२ | ९५ | १७७ |
| ९५ |  | ६५ देखि ६९ | ५४ | ४९ | १०३ |
| ९६ |  | ७० वर्ष भन्दा माथि | १०७ | ८१ | १८८ |
|  | जम्मा |  | २१९६ | २६७० | ४८६६ |
| ९७ | ७ | ३ वर्ष भन्दा कम | १३९ | १३६ | २७५ |
| ९८ |  | ४ देखि ५ | ८५ | ७१ | १५६ |
| ९९ |  | ६ देखि ९ | १९३ | १९१ | ३८४ |
| १०० |  | १० देखि १४ | २१८ | २८० | ४९८ |
| १०१ |  | १५ देखि १९ | १७७ | २१४ | ३९१ |
मिक्लाजुङ्ग गाउँपालिकाका मानिसहरूले विभिन्न प्रकारका इन्धनका स्रोतलाई खाना पकाउने काममा प्रयोग गर्ने गरेको पाइन्छ । यहाँका खाना पकाउन प्रयोग हुने इन्धनहरूमा मुख्य रूपमा दाउरा, ग्याँस, मट्टितेल, गुइँठा र गोबरग्याँस पर्दछन् । अहिले पनि यहाँका ८४५ घरपरिवारले खाना पकाउनको लागि दाउरालाई नै प्रयोगमा ल्याएको पाइन्छ । यस गाउँपालिकामा वनजङ्गल त्यति धेरै नरहेको हुनाले खेतवारीमा दाउराका श्रोतका रूपमा विरूवाहरू लगाएर तथा दाउरा खरिद गरेर पनि केही मानिसले खाना पकाउने इन्धनका रूपमा दाउरानै प्रयोग गर्ने गर्दछन् । यससम्बन्धी थप विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ७

## खाना पकाउने इन्धनको मुख्य श्रोत अनुसार घरपरिवार संख्या

| | खाना पकाउने इन्धनको मुख्य श्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | दाउरा | मट्टीतेल | ग्यास | गोबरग्यास | अन्य | जम्मा |
| १ | ६०७ | ४ | ० | १ | ६ | ६१८ |
| २ | ५७० | ८ | ७ | १ | ४ | ५९० |
| ३ | ७६९ | २ | १९ | १ | ३ | ७९४ |
| ४ | ६८४ | ४ | १२ | १ | १ | ७०२ |
| ५ | ३४४ | ० | १ | ३ | ० | ३४८ |
| ६ | १०४५ | ४ | ३५ | ३५ | ० | ११११९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ६६८ | १ | १९५ | ४० | ८ | ९१२ |
| ८ | ३९७ | २ | १८ | ३५ | ४ | ४५६ |
| ९ | ६२१ | ६ | २०४ | ४५ | २ | ८७८ |
| जम्मा | ५७०५ | ३१ | ४९१ | १६२ | २८ | ६४१७ |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका जम्मा ६४१७ घरपरिवारमध्ये ५७०५ घरपरिवारले दाउरामा नै खाना पकाउने गरेको देखिन्छ । खाना तयारीको लागि इन्धनको परम्परागत स्रोत उपयोग गर्ने घरपरिवार संख्या अझ पनि निकै ठूलो छ । यस गाउँपालिकामा एलपी ग्यास प्रयोग गर्ने घरपरिवार ४९१ छन् भने गोबरग्यास १६२ परिवारले प्रयोग गर्दछन् । यस गाउँपालिकामा अन्य प्रकारका इन्धनका स्रोतको प्रयोगबाट खाना बनाउने कार्य गर्ने घरपरिवार संख्या २८ रहेको छ ।

इन्धनमा खाना पकाउने दाउरा, ग्यास र मट्टितेलदेखि गाडी चलाउने डिजेल र पेट्रोलसम्म पनि पर्दछन् । मिक्लाजुङ्ग गाउँपालिकाका मानिसहरूले बाल्ने बत्तिका साथमा खाना पकाउने इन्धनका रूपमा पनि विभिन्न प्रकारका श्रोतहरूको प्रयोग गर्ने गरेका छन् । विशेषगरी बाल्ने बत्तिका रूपमा भने यहाँका मानिसहरूले बिजुली, मट्टीतेल, सोलर र अन्य इन्धनको स्रोतलाई प्रयोगमा ल्याउने गरेको पाइन्छ । यस गाउँपालिकाको बत्तिको मुख्य स्रोतको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ८**

**बत्तिको मुख्य श्रोत अनुसार घरपरिवार संख्या**

| वडा नं. | बत्ति श्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | बिजुली | मट्टीतेल | सोलर | अन्य | |
| १ | ५४ | ३८२ | ११३ | ६९ | ६१८ |
| २ | १४९ | ३१३ | ९४ | ३४ | ५९० |
| ३ | ४१६ | १४८ | २२५ | ५ | ७९४ |
| ४ | २४७ | २९३ | १६० | २ | ७०२ |
| ५ | १७६ | १४१ | २८ | ३ | ३४८ |
| ६ | ७७० | २६६ | ७३ | १० | १११९ |
| ७ | ८३६ | ७२ | २ | २ | ९१२ |
| ८ | ४०१ | ४६ | ३ | ६ | ४५६ |
| ९ | ७०१ | १७० | ३ | ४ | ८७८ |
| जम्मा | ३७५० | १८३१ | ७०१ | १३५ | ६४१७ |

**श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।**

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका अधिकांश घरपरिवारले बिजुलीलाई बत्तिको मुख्य स्रोत बनाएका छन् । यहाँका ६४१७ घरपरिवार मध्येका ३७५० घरपरिवारले बिजुलीलाई बत्तिको स्रोतका रूपमा लिएको देखिन्छ । यसैगरी १८३१ परिवारले मट्टीतेल र ७०१ परिवारले भने सोलरलाई बिजुली या बत्तीको मुख्य स्रोतका रूपमा प्रयोग गरेको पाइएको छ । यता १३५ परिवारले भने अन्य स्रोतलाई नै बत्तिका रूपमा प्रयोग गरेको पाइन्छ ।

## शौचालयको व्यवस्था

मोरङको मिक्लाजुङ्ग गाउँपालिकाका सबैजसो वडाहरू हालसम्ममा खुला दिसामुक्त घोषणा गरिएका छन् । तर खुला दिसामुक्त अभियानको दिगोपनाका लागि यसको अनुगमन र मूल्यांकनका साथमा यसलाई निरन्तर रूपमा फलोअपको आवश्यकता छ । यसबाट मात्र खुला दिसामुक्त क्षेत्र घोषणाले सार्थकता पाउने गर्दछ । यसैगरी यस गाउँपालिकाका थुप्रै स्थानमा सार्वजनिक शौचालय निर्माण गर्न पनि त्यत्तिकै आवश्यकता छ ।

## महिलाका नाममा घर जग्गा

महिला अधिकारको सबालमा महिलाका नाममा घर र जमिन रहेको छ भने तिनको अधिकार पनि सुरक्षित रहेको मान्न सकिन्छ । यस गाउँपालिकाका केही मानिसहरूले महिलाका नाममा पनि घर र जग्गा राखेको देखिन्छ भने धेरै परिवारले अहिले पनि महिलाका नाममा घरजग्गा राखेका छैनन् । यसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.९**
**महिलाको नाममा घर जग्गा भएको घरपरिवार विवरण**

| वडा नं. | घर जग्गा | जग्गा | जग्गा नभएको | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | १० | २९ | ५८९ | ० | ६१८ |
| २ | १९ | ६६ | ५२३ | १ | ५९० |
| ३ | ८५ | १९१ | ६०३ | ० | ७९४ |
| ४ | ६७ | ११२ | ५९० | ० | ७०२ |
| ५ | ४४ | ७६ | २७१ | १ | ३४८ |
| ६ | ८० | १९६ | ९२३ | ० | ११११९ |
| ७ | ७० | २०४ | ७०७ | १ | ९१२ |
| ८ | ६८ | ११५ | ३४१ | ० | ४५६ |
| ९ | १४२ | २६६ | ५९२ | २० | ८७८ |
| जम्मा | ५८५ | १२५५ | ५१३९ | २३ | ६४१७ |

श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका ५८५ घरपरिवारमा महिलाका नाममा घरजग्गा राखिएको देखिन्छ । यता १२५५ परिवारले भने महिलाको नाममा जमिनमात्र राखेका छन् । यसैगरी महिलाका नाममा जग्गाजमिन नराख्ने परिवार संख्या भने ५१३९ जना छ ।

# खण्ड तीन

## विविध विवरणहरू

मोरङको मिक्लाजुङ्ग गाउँपालिका जिल्लाको उत्तरपूर्वी भागमा अवस्थित छ । धेरै भूभाग पहाडले ढाकिएको यस गाउँपालिकाको दक्षिणतिरको तराई र भावर क्षेत्रमा जनसंख्याको वृद्धिदर केही ज्यादा छ भने यसको माथ्लो पहाडी भागमा भने जनसंख्या अति न्यून रूपमा बृद्धि हुने गरेको छ । तर पनि अदुवा, अम्लिसो, सागसब्जी र दलहन जस्ता नगदे बाली उत्पादनका दृष्टिले यो भेग जिल्लाकै सवैभन्दा महत्वपूर्ण मानिन्छ । यसको उत्तरी भागमा अलैंची र चियाजस्ता नगदे बालीको सम्भावना पनि प्रचुर छ । तसर्थ यस गाउँपालिकामा स्थानीय मानिसहरूको आयआर्जनका माध्यमहरू धेरैवटा हुनसक्ने स्पष्ट छ । यहाँको विविध विवरणहरू तलका तालिकाहरूमा दिइएका छन् ।

**अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण**

| क.स. | विवरण | संख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १ | पूर्ण अशक्त अपाङ्गता (रातो रङ्गको) | ६८ | ५७ | १२५ |
| २ | अति अशक्त अपाङ्गता परिचयपत्र (निलो रङ्गको) | ४६ | ४० | ८६ |
| ३ | मध्यम अशक्त अपाङ्गता पहेंलो रङ्गको) | ० | ० | ० |
| ४ | सामान्य अशक्त अपाङ्गता सेतो रङ्गको) | ० | ० | ० |
| जम्मा | | ११४ | ९७ | २११ |

**श्रोत: गाउँपालिका कार्यालय ।**

**खाद्यान्न आत्मनिर्भरताको अवस्था**

| कस | खाद्यान्न उपलब्धताका आधारमा परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ३ महिनाभन्दा कम खान पुग्ने परिवार | १५ | |
| २ | ४ देखि ६ महिना खानपुग्ने परिवार | २५ | |
| ३ | ७ देखि ९ महिना खानपुग्ने परिवार | २० | |
| ४ | १० देखि १२ महिना खानपुग्ने परिवार | २५ | |
| ५ | आफ्नो उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने परिवार | १५ | |

**श्रोत: गाउँपालिका कार्यालय ।**

**परिवारको स्वामित्वमा रहेको जग्गा जमिनसम्बन्धी विवरण**

| सि.नं. | स्वामित्व | | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|---|
| | पहाड (रोपनी) | तराई(कठ्ठा) | | |
| १ | २ रोपनी भन्दा कम | ५कठ्ठा भन्दा कम | ३८५२ | ६० प्रतिशत |
| २ | २ देखि ५ रोपनी सम्म | ६ देखि १० कठ्ठा सम्म | ६४१ | १० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| ३ | ६ देखि १० रोपनी सम्म | ११ देखि २० कठ्ठा सम्म | ६४१ | १० प्रतिशत |
| ४ | ११ देखि २० रोपनी सम्म | २१ देखि ३० कठ्ठा सम्म | ४०२ | ६ प्रतिशत |
| ५ | २० रोपनी भन्दा माथि | ३१ कठ्ठा भन्दा माथि | ५७७ | ९ प्रतिशत |
| ६ | जग्गा नै नभएको | जग्गा नै नभएको | ६४ | १ प्रतिशत |
| ७ | थाहा नभएको | थाहा नभएको | २४० | ४ प्रतिशत |
| जम्मा | | | ६४१७ | १०० |

**श्रोत: मिक्लाजुङ्ग गाउँपालिका कार्यालय ।**

## आर्थिक वर्ष २०७२।०७३ को पञ्जिकरणको विवरण

| क्र.सं. | विवरण | २०७४ को अनुमानित जनसंख्या | जम्मा दर्ता संख्या | महिला | पुरूष |
|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | | १३०१ | ६६० | ६४१ |
| १.१ | ५ वर्ष सम्मका | | ९१० | ४३९ | ४७१ |
| १.२ | ५ वर्षदेखि १८ वर्ष सम्मका बालबालिका | | ३१४ | १६० | १५४ |
| १.३ | १८ वर्ष माथिका मानिस | | ७७ | ४३ | ३४ |
| २ | मृत्यु दर्ता | | १५० | ६३ | ८९ |
| ३ | सम्बन्ध बिच्छेद | | ७ | ५ | २ |
| ४ | बसाईसराई | | ४११ | | |
| ५ | बिबाह दर्ता | | २५० | | |
| ५.१ | १८ वर्ष भन्दा कम उमेर | | २० | ९ | ११ |
| ५.२ | १८ वर्ष भन्दा माथि | | | | |
| जम्मा | | | २३० | १२० | ११० |

**श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।**

## आर्थिक वर्ष २०७२।७३ को नागरिकता तथा अन्य सिफारिस

| कस | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १३५० |
| २ | नाता प्रमाणित | १५० |
| ३ | अन्य सिफारिस | ३४५० |
| ४ | नक्सा पास | ४० |

**श्रोत: गाउँपालिका कार्यालय ।**

## सामाजिक सुरक्षा भत्ता पाउने विवरण

| जेष्ठ नागरिक | | | दलित जेष्ठ नागरिक | | | एकल महिला | पूर्ण अपाङ्ग | | | आंशिक अपाङ्ग | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | ज | म | पु | ज | ज | म | पु | ज | म | पु | ज | |
| ११०८ | १०६९ | २१७९ | १३३ | १३३ | २६६ | ३६२ | ६८ | ५७ | १२५ | ४६ | ४० | ८६ | ३०१८ |

श्रोत: जिल्ला समन्वय समिति, मोरङ्ग ।

यो विवरण रमिते खोला, टाँडी, जाँते र मधुमल्लाको हो । तर मिक्लाजूङ्ग गाउँपालिकामा रमितेखोला र टाँडीका सवै वडा तथा जाँतेका ३ र ४ तथा मधुमल्लाका १ देखि ६ सम्मकामात्र वडाहरू समावेस गरिएको हुनाले तिनीहरूलाई अलग्ग गरिएको छैन ।

## शैक्षिक संस्था विवरण

| विवरण | सरकारी | सामुदायिक | नीजि विद्यालय | कूल |
|---|---|---|---|---|
| प्रावि | ३० | ३ | | ३३ |
| निमावि | १० | १ | | ११ |
| मावि | ५ | ३ | | ८ |
| उमावि, क्याम्पस | ५ | | | ५ |
| वेद विद्याश्रम | ० | | | ० |
| मदरसा | ० | | | ० |
| अन्य | ० | | | ० |

श्रोत: जिल्ला शिक्षा कार्यालय, मोरंग ।

यस तथ्यांकमा जाँते र मधुमल्लाका सवै वडाहरू समेत समावेश गरिएका छन् । यहाँका वडा गाभिएका गाविसमा रहेका विद्यालयको तथ्यांक श्रावणदेखि अलग्ग प्राप्त हुने देखिन्छ ।

## विश्वविद्यालय तथा कलेजहरू

| कस | उमावि र कलेजको नाम | ठेगाना | सन्चालित कार्यक्रम र तह | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | मनोहर जनता उमावि | मिक्लाजुङ्ग ७ | शिक्षा र मानविकी | |
| २ | भगवती उमावि | मिक्लाजुङ्ग ७ | शिक्षा र मानविकी | |
| ३ | कालिका सामुदायिक उमावि | मिक्लाजुङ्ग ३ | शिक्षा र मानविकी | |

यस गाउँपालिकाभित्र विश्वविद्यालय र कलेजहरू छैनन् ।

## विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण, २०७३

| कक्षा | सरकारी विद्यालय | | | नीजि विद्यालय | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | २३७ | १९७ | ४३४ | ११७ | ८२ | १९९ | ६३३ |
| २ | २६७ | २६१ | ४९८ | १०९ | ९६ | २१५ | ७१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ३०२ | २५८ | ५६० | १०३ | १०३ | २०६ | ७६६ |
| ४ | ३३३ | ३२९ | ६६२ | ९१ | ९९ | १९० | ८५२ |
| ५ | ४१० | ३८१ | ७९१ | ६४ | ५७ | १४१ | ९३२ |
| ६ | ३९३ | ३९० | ७८३ | ७६ | ६४ | १४० | ९२३ |
| ७ | ४०० | ५१० | ९१० | ५६ | ४८ | १०४ | १०१४ |
| ८ | ४४० | ५३० | ९७० | ७४ | ४७ | १२१ | १०९१ |
| ९ | ३६९ | ४६४ | ८३३ | ३७ | ३७ | ७४ | ९०७ |
| १० | ३०६ | ३६८ | ६७४ | ३५ | २८ | ६३ | ७३७ |
| ११ | २१६ | २४० | ४५६ | ० | ० | ० | ४५६ |
| १२ | ३९ | ४५ | ८४ | ० | ० | ० | ८४ |

**श्रोत: जिल्ला शिक्षा कार्यालय, मोरङ ।**

### बाल विकास केन्द्रको विवरण

| वडा नं. | बाल विकास केन्द्रको जम्मा संख्या | भर्ना भएका बालबालिका संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | ९ वटा | | | |
| २ | ३ वटा | | | |
| ३ | ३ वटा | | | |
| ४ | २ वटा | | | |
| ५ | २ वटा | | | |
| ६ | २ वटा | | | |
| ७ | १ वटा | | | |
| ८ | १ वटा | | | |
| ९ | २ वटा | | | |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## बालमैत्री स्थानीय शासन र बाल अधिकार

### बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराउने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ । नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह स्थानीय सरकार हो । गाउँपालिकाले आफनो क्षेत्रभित्रका बालबालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसर बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । गाउँपालिका तल्लो तहको सरकार नै हो । उसले पनि आफनो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत राख्दछ । त्यसै कारण विगत देखि नै तत्कालीन गाउँ विकास समितिले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रुपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने यी अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महसन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एकअर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

## १.बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास, स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

## २. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै : शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा आदि ।

### ३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

### ४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बलाक्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरुले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् ।
बालअधिकारका यी चारैवटा भागहरू एक अर्काका पूरक हुन् ।

### बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्छन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :
क. विभेद रहित
ख. बालबालिकाको सर्वोत्तम हित
ग. दीर्घजीवन र विकास
घ. बालबालिकाको विचार तथा भावनाको कदर

## बाल अधिकारको अवस्था

यस गाउँपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालिकाको संख्या कुल जनसङ्ख्याको ४२.६३ प्रतिशत रहेको छ । आजका बालबालिका नै मुलकको भविष्यका नेतृत्वकर्ता नायकनायिका हुन् ।

त्यसैले आजको सरकारी अंगले गर्ने काम बालमैत्री स्थानीय शासनको अवधारणामा आधारित हुनपर्दछ भन्ने विश्वव्यापी मान्यता रही आएको छ । बालमैत्री स्थानीय शासन भन्नु नै बाल अधिकारमा आधारित शासन प्रशासन भन्ने बुझिन्छ ।

बाल अधिकारका माथि उल्लेखित चार वटा भाग वा चार बाकस बालबालिकाका अधिकारका विषयहरू हुन् । ती अधिकारहरू परिवार, समाज र राज्यले परिपूर्ति गरिदिनु पर्दछ । अर्थात, ती अधिकारहरू पूरा गरिदिने दायित्व अभिभावक, समाज र राज्यको हो । त्यसैले यहाँ बाल अधिकारको अवस्था अध्ययन गर्दा मूलत शिक्षा, स्वास्थ्य, खेलुकदको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ । उनीहरूको सहभागिताको अधिकारहरूका लागि बालक्लबहरूको गठन, सञ्चालन र बालक्लबका प्रतिनिधिहरूलाई बालबालिकाको सरोकारका संस्था वा निकायमा प्रतिनिधित्वको अवस्थालाई विश्लेषण गर्नुपर्दछ ।

गाउँपालिका बन्नुअघि पनि यसमा गाभिएका सबै गाविसहरूमा विभन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा सबै वडाहरूमा केही न केही रूपमा बालमैत्री अभियान सञ्चालन भएको पाइएको छ ।

सबै साविक गाविसहरूमा गाविस स्तीय बालक्लब सञ्जालहरू कार्यरत छन् । समाजका राजनीतिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी स्थानीय बालमैत्री शासन समिति बनेर काम गरिरहेको अवस्था छ । सबै गाविसमा बालविवाह लगायतका बाल संरक्षणका मुद्दाहरूमा केन्द्रित भई काम गर्ने गरी गाविस स्तरीय बाल संरक्षण समिति गठन भई उनीहरूकै पहलमा क्रियाकलापहरू सञ्चालन भइरहेको अवस्था छ । विगतमा भएका बालमैत्री अभियानसम्बन्धी कार्यक्रमहरूको प्रभाव राम्रो परेको छ । त्यस आधारमा पनि बाल अधिकार सम्बन्धी सचेतना यस नगरपालिका क्षेत्रका अधिकांश घरपरिवार र नागरिकमा पुगेको छ भन्न सकिन्छ । किनकि विगतका तिनै गाउँ विकास समितिहरूलाई समेटेर गाउँपालिकाको पुनर्संरचना गरिएको हो । विगतमा विकास भएको चेतना र बालमैत्री अभियानमा लाग्ने सकारात्मक वातावरण यस गाउँपालिकाको लागि सम्पति हो । यही सम्पतिलाई समेटर गाउँपालिका अगाडि बढ्न सक्ने अवस्था छ ।

यस अभियानमा विगत वर्षहरूमा गाउँ विकास समितिहरूसँग सहकार्य गर्ने सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरू गाउँपालिकाले भविष्यमा काम गर्दाका महत्वपूर्ण साझेदार बन्न सक्ने संभावना छ । फेरि पनि यस गाउँपालिका क्षेत्रमा बालमैत्री अभियान सञ्चालन गर्नका लागि शून्यमा झरेर काम गर्नुपर्ने अवस्था छैन । कामको अबस्था जुन उचाइमा पुगेको छ त्यहीबाट सुरु गर्न सकिने अवस्था छ ।

बाल अधिकार बहालीका सूचकहरू विभिन्न प्रकारका हुन्छन् । बालमैत्री स्थानीय शासन कार्यविधिले ३९ वटा सूचकहरू तोकेको छ । ती सूचकहरू बालमैत्री अभियानका लागि महत्वपूर्ण हुन्छन् । बालबालिकाको बाँच्न पाउने हकका लागि स्वास्थ्य सेवा तथा खोप अनि मातृशिशुको स्वास्थ्य अवस्थाको विशेष महत्व हुन्छ । विकासको अधिकार खेलकुद र शिक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालय तहको शिक्षा भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पढ्न पाउने र

त्योभन्दा सानो उमेर बालविकास केन्द्रमा गई पढ्न पाउने अवस्था यसका लागि महत्वपूर्ण हुन्छन् । बाल सहभागिताको अधिकारको लागि भित्तेपत्रिका प्रकाशन र बालक्लबमा आवद्ध हुन पाउने र बालक्लबको तर्फबाट विद्यालय व्यवस्थापन समिति, गाउँपालिका र अन्य सरोकारवाला निकायमा बालबालिका सम्बन्धी विषयमा महत्वपूर्ण निर्णय भइरहँदा बालबालिकाको प्रतिनिधित्व हुनु बालबालिकाको अर्थपूर्ण सहभागिताको दृष्टिकोणबाट महत्वपूर्ण हुन्छ । बाल संरक्षणको सवालमा भयरहित शिक्षा, बेचविखान, यातना, बालविवाह, लागूपदार्थ दुर्व्यसनबाट संरक्षण, अपहरण र अन्य अमानवीय व्यवहारबाट संरक्षण जस्ता विषयहरू पर्दछन् ।

मिक्लाजुङ्ग गाउँपालिकामा हाल ४ वटा बाल सन्जाल रहेका छन् । यिनीहरू गाविस स्तरीय सन्जाल रहेकाले हाल यस गाउँपालिकामा ४ वटा सन्जाल भएका हुन् ।

## विद्यालयमा शौचालयको विवरण

| जम्मा विद्यालय संख्या | शौचालयको किसिम संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | सामान्य, सवैले प्रयोग गर्ने | शिक्षक शिक्षिका | छात्राछात्रका लागि भिन्दै | अपाङ्गका लागि | शौचालय नभएको | जम्मा |
| ४० | ७० . | २७ | २६ | ० | ० | |

श्रोत: जिल्ला शिक्षा कार्यालय, मोरङ्ग ।

## तहगत शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दी कार्यरत | | | | | | | परियोजना | | राहत दरवन्दी | | PCF मा | | तालिम प्राप्त शिक्षक संख्या | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | | अस्थायी | | | | | | | | | |
| | म. | पु. | जम्मा | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | ज | पु. | | |
| प्रा.वि | | | १६१ | | | | | | | | | ३३ | | | १९३ |
| नि.मा.वि. | | | ३८ | | | | | | | | | १२ | | | ५० |
| मा.वि | | | २२ | | | | | | | | | १२ | | | ३४ |
| जम्मा | | | | | | | | | | | | | | | |

श्रोत: जिल्ला पार्श्वचित्र, २०७० ।

## विद्यमान स्वास्थ्य सेवाहरू

| क.सं. | स्वास्थ्य सेवा | संख्या | बेड संख्या |
|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | ० | |

| | | | |
|---|---|---|---|
| २ | सरकारी अस्पताल | ० | |
| ३ | प्रसुती गृह | ० | |
| ४ | वाल अस्पताल | ० | |
| ५ | आयुर्बेद अस्पताल | ० | |
| ६ | प्राकृतिक चिकित्सा | ० | |
| ७ | स्वास्थ्य चौकी | ४ | |
| ८ | उप-स्वास्थ्य चौकी | ० | |
| ९ | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | ० | |
| १० | निजि अस्पताल | ० | |
| ११ | फार्मेसी | १० | |
| १२ | चिकित्सक संख्या | ० | |
| १३ | चिकित्सक अनुपात | ० | |
| १४ | क्लिनिक | १ | |
| १५ | बर्थिंङ सेन्टर: | १ | |
| १६ | पोलि क्लिनिक | ० | |
| १७ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | ९०% | |
| १८ | दक्ष स्वास्थ्यकर्मी बाट सूत्केरी गराउने प्रतिशत | १०% | |
| १९ | सुडेनीवाट सुत्केरी गराउने प्रतिशत: | ० | |
| २० | भिसीटी केन्द्र संख्या: | ० | |
| २१ | महिला स्वयम सेविका संख्या: | २५ | |
| २२ | टि.बी. उपचार केन्द्र: | ० | |
| २३ | परिवार नियोजन का ५ बिधी र ३ बिधीको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्या: | १ | |
| २४ | बि.ओ.सी.(आधारभुत): | ० | |
| २५ | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | ० | |
| २६ | गर्भवती जाँच पहिलो पटकको प्रतिशत: | ५२% | |
| २७ | गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशत: | ३०% | |
| २८ | सुत्केरी पश्चात जाच गराउन आउने प्रतिशत: | ३.४५% | |
| २९ | औसत आयु: .... वर्ष | ० | |
| | महिला:.... वर्ष | ० | |
| | पुरूष:.... वर्ष | ० | |

**श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ।**

## खोप सेवाको विवरण

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि. सि. जि. | ९०% | ९०% | ९०% |
| २ | डि. पि. टि. | ९०% | ९०% | ९०% |
| ३ | हेपाटाइटिस वि | ९०% | ९०% | ९०% |
| ४ | दादुरा | ९०% | ९०% | ९०% |
| ५ | पोलियो ३ | ९०% | ९०% | ९०% |
| ६ | टि. टि. | ९०% | ९०% | |

श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ ।

## खोप सेवा छाड्ने बालबालिकाको अवस्था

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि.सि.जि र दादुरा | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| २ | डि. पि. टि. , हेपाटाइटिस वि, एच. आइ. भि.१ र ३ | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| ३ | खोप नलगाएका बालबालिका | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |

श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय मोरङ्ग ।

## विगत ३ वर्षको पोषणको अवस्था

| क. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा मुनिका बृद्धि अनुगमन पटक | ९०% | | |
| २ | गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण | ९०% | ९०% | ५२% |
| ३ | गर्भवती महिलाहरूले प्राप्त गरेका जुकाको औषधी (जना) | ९०% | ९०% | ५२% |
| ४ | सुत्केरी भएका महिलाका लागि भिटामिन ए वितरण | ९०% | ९०% | ४०% |
| ५ | ६ महिना देखि ५वर्ष सम्मका वच्चाहरूलाइ खुवाएको भिटामिन ए | ९०% | ९०% | १००% |
| ६ | १ देखि ५ वर्ष सम्मका वच्चाहरूलाई खुवाएको जुकाको औषधी जना | ९०% | ९०% | १००% |

श्रोत: जिल्ला जनस्वास्थ्य कार्यालय मोरङ्ग ।

## कामदारका रूपमा बाहिर गएका बालबालिकाको विवरण

| लिङ्ग | संख्या |
|---|---|
| वलिका | ११२ |

| | |
|---|---|
| वलक | ९७ |
| जम्मा | २०९ |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## श्रमिक बालबालिकाको प्रकार

| सि.नं. | कामदारको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु कामदार | १२ | |
| २ | होटल तथा रेष्टुरेण्ट | ७ | |
| ३ | उद्योग तथा व्यवसाय | ९ | |
| ४ | अन्य | ५ | |
| जम्मा | | ३३ | |

श्रोत: गाउँपालिकाका कार्यालय, मिक्लाजुङ्ग ।

यो गाउँपालिका सतप्रतिशत जन्मदर्ता, पूर्णखोप र सतप्रतिशत विद्यालय जाने बालबालिका भएको क्षेत्र हो । यसका अधिकांश वडाहरू खुल्ला दिसामुक्त घोषणा भएका छन् ।

## स्वास्थ्यसम्बन्धी सूचकांक

| सूचक | राष्ट्रियस्तरमा | गा.पा. स्तरमा | फरक |
|---|---|---|---|
| शिशु मृत्युदर | २.७ | | |
| कुपोषणको अवस्था | ०.३ | | |
| चर्पीमा पहुंच भएको जनसंख्या | ८० | | |
| औषत स्वास्थ्य क्षमता सुचकांक | | | |

जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ ।

## बालक्लवहरूको विवरण

| समुदायमा आधारित बालक्लवहरू | | | | विद्यालयमा आधारित बालक्लवहरू | | | |
|---|---|---|---|---|---|---|---|
| क्लव संख्या | बालिका सदस्य | बालक सदस्य | जम्मा | क्लव संख्या | बालिका सदस्य | बालक सदस्य | जम्मा |
| ३२ | | | ३२ | ५७ | | | ५७ |

**नोट:** यस गाउँपालिकामा वडा स्तरीय बालक्लवहरू रहेका छन् । प्रत्येक विद्यालयमा पनि एउटाएउटा बालक्लवहरू रहेका छन् ।

## जन्म दर्ता भएका बालबालिकाको संख्या

| आ.व. | कुल जन्मदर्ता संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | बलिका | बालक | जम्मा | |
| अघिल्लो आ.व. | | | | |
| चालु आ.व. (२०७३ वैशाखदेखि चैत्रसम्म) | ३३२ | ४७३ | ८०५ | |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## महिला हिंसासम्बन्धी विवरण

| सि.नं | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसावाट पिडित | ९ | |
| २ | सौता रहेको | ५५ | |
| ३ | वेचविखनमा परेको | ३ | |
| ४ | श्रीमानवाट पिडित/ पिटिएका | १२ | |
| ५ | द्वन्दवाट पिडित | ७ | |
| ६ | सामाजिक कुरिती लगाईएका | १३ | |
| ७ | | | |
| | जम्मा | ९९ | |

श्रोतः गाउँ पालिका कार्यालय, मिक्लाजुङ्ग ।

## वातावतरण तथा सरसफाई

यस गाउँपालिकामा सार्वजनिक सौचालय ३ वटा छन् । तर यहाँ फोहरपानी प्रसोधनशाला र ल्यान्डफिल्ड साइट छैनन् । यहाँ फोहरमैला उत्पादनको लेखाजोखा छैन भने यसको व्यवस्थापन गर्ने कार्य पनि भएको पाईंदैन ।

### फोहरमैला व्यवस्थापन

| पारिवारिक विवरण | नदि वा खोलामा | सडकमा | फोहोर थुपार्ने ठाँउ | घरमा लिन आउछ | अफ्नै कम्पाउण्डमा | कम्पोष्ट मल | थाहा छैन |
|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | ६४३ | २५६६ | ६४३ | २५६५ | | | |
| प्रतिशत | १० | ४० | १० | ४० | | | |

**श्रोतः गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।**

**सेवा प्रवाहः** यस गाउँपालिकामा पाँचवटा एम्बुलेन्स छन् । अन्य प्रकारका दमकल र शवबाहन लगायतका सेवाहरू छैनन् । तर नगरप्रहरीको भ्यान भने एउटा छ ।

### कृषिसेवा केन्द्र, उपकेन्द्र र कृषक समूह

| क्र.स. | गापा । नपाको नाम | भवनको प्रकृती वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | टाँढीमा | | | १ | | |

यस गाउँपालिकामा कृषि सेवाकेन्द्र छैन ।

### पशुसेवा केन्द्र

| क्र.स. | गापा । नपाको नाम | भवनको प्रकृती वटा | वडा नं. | कैफियत |
|---|---|---|---|---|

| | | गोटा | कच्ची | पक्की | | |
|---|---|---|---|---|---|---|
| १ | टाँडी पशुसेवा उपकेन्द्र १ | | | १ | | |

श्रोतः गाउँपालिका कार्यालय मिक्लाजुङ्ग ।

## हुलाकसेवा केन्द्र

| क.स. | गापा । नपाको नाम | भवनको प्रकृती वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | इलाका हुलाक मधुमल्ला | | | | | भवन छैनन् |
| २ | अतिरिक्त हुलाक टाँडी | | | | | |
| ३ | अतिरिक्त हुलाक रमितेखोला | | | | | |
| ४ | अतिरिक्त हुलाक, जाँते | | | | | |

## गाउँपालिकाका हालका भवनहरू

| क.स. | गापा । नपाको नाम | भवनको प्रकृती वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | रमितेखोला | | | १ | | |
| २ | टाँडी | | | १ | | |
| ३ | जाँते | | | १ | | |
| ४ | मधुमल्ला | | | २ | | |

मिक्लाजुङ्ग गाउँपालिकामा यी पाँचवटा भवनहरूमात्र गाउँपालिकाका स्वामित्वमा छन् ।

## बस पार्क र बस स्टेन्ड

| क.स. | गापा । नपाको नाम | स्थान वडा नं. | क्षेत्रफल (वर्ग किमि) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १ | मधुमल्ला स्टेन्ड | | | |
| २ | टाँडी बसस्टेन्ड | | | |
| ३ | आइतवारे बस स्टेन्ड | | | |
| ४ | जाँते बस स्टेन्ड | | | |

श्रोतः गाउँपालिका कार्यालय ।

यस गाउँपालिकामा बस स्टेन्ड छन् । तर ठूला बस पार्क भने छैनन् ।

## सिंचाईको श्रोत

| क.स. | सिचाई स्रोतको नाम | गापा | वडा न.. | गापा नपाको वडा नं. |
|---|---|---|---|---|
| १ | मिनि नहर | मिक्लाजुङ्ग | २ | १० प्रतिशत |
| २ | अन्य खोला र भूमिगत | मिक्लाजुङ्ग | | ५ प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | सिंचाई | | | |

**तालतलैया र प्राकृतिक पोखरीको नाम**

| क.स. | नाम | गापा | वडा न.. | गापा नपाको वडा नं. |
|---|---|---|---|---|
| १ | मिक्लुबेतिनी ताल | मिक्लाजुङ्ग | ६ | |
| २ | चुलीपोखरी | मिक्लाजुङ्ग | ४ | |
| ३ | देवीस्थान पोखरी | मिक्लाजुङ्ग | ७ | |

यस गाउँपालिकामा अन्य साना पोखरीहरू पनि रहेका छन्।

**टाढाको वस्तिबाट गाउँपालिकामा पुगिने अनुमानित समय**

| वडा नं. | रोडवाट गापा को केन्द्र पुग्नलाग्ने समय | सेवा प्राप्त गरी घर फर्किन लाग्ने समय |
|---|---|---|
| १ | ६ घन्टा | १२ घन्टा |
| २ | २.५ घन्टा | ५ घन्टा |
| ३ | २.५ घन्टा | २ घन्टा |
| ४ | २.५ घन्टा | ५ घन्टा |
| ५ | २.५ घन्टा | ५ घन्टा |
| ६ | २ घन्टा | ४ घन्टा |
| ७ | ०.५ घन्टा | १ घन्टा |
| ८ | १ घन्टा | २ घन्टा |
| ९ | ० घन्टा | ० घन्टा |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग।

यस गाउँपालिकाका विभिन्न वडामा ग्राभेल र कच्ची सडकहरू बनेको भए पनि यो गाउँपालिकाको अत्यधिकजसो जमिन विकट पहाडी भागमा रहेको छ। तसर्थ गाउँपालिका क्षेत्र या केन्द्रमा पुग्न मानिसहरूले घन्टौं लगाएर हिंड्नु पर्दछ। अड्डा अदालतका कामहरू गरेर पुन घर फिर्ने काम धेरै जना सेवाग्राहीका लागि त्यसै दिन सम्भव हुँदैन। गाउँपालिकाका सबै भागमा सार्वजनिक यातायातका साधन नपुग्ने हुँदा नीजि साधन नहुनेले बाटो बनेको ठाउँमा पनि पैदलै हिंड्नुपर्ने बाध्यता छ। नीजि साधन नहुने मानिसले सार्वजनिक यातायातका साधन चल्ने स्थान या राजमार्गसम्म पुग्न भन्डै ५/ ६ घन्टा पनि पैदलै हिंड्नु पर्ने अवस्था देखिन्छ।

## कृषि सम्बन्धी विवरण

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादन उपलब्ध

नहुँदा पर्यटकले उपयोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न कृषि पर्यटनको विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनुपनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुन, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत कृषि प्रणालीमा हिउँदे तथा वर्षे धान, गहुँ, मकै, आलु, तरकारी, फलफूल, केरा, दलहन, तेलहन आदि नगरका प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । कोसीहरैंचा नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, अैलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी एनथ्राक्नोज, सेतो ढुसी, डाइव्याक, जरा कुहिन, अैलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्या परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

| सि.न | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहि, कालोपोक |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, आलुको पुतल | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने अैसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ |

| | | | |
|---|---|---|---|
| | | | ब्याक, जरा कुहिने |
| ६ | फलफुल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवाराहरु, खपट | जरा कुहिने रोग, ओईलाउने रोग |

कृषि क्षेत्रको विकास र विस्तारको लागि सरकारले स्थापना गरेको कृषि सेवा तथा उपकेन्द्र मार्फत कृषकहरुलाई सहयोग गर्दै आएको भएता पपिन यसको व्यवस्थापन र प्रयाप्त जनशक्तिको अभावमा कृषकहरुको आवश्यकता र मागलाई पुरा गर्न सकेको छैन । यस गाउँपालिकाका वडामा रहेको कृषि सेवा उपकेन्द्रले सेवा दिनु पर्ने भएकोले कृषकहरुले आवश्यकता अनुरुप गुणस्तरीय सेवा सुविधा पाउन नसकिरहेको अवस्था छ ।

## कृषि बजारीरकण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । गाउँपालिकाका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा आठ प्रकारका कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देन्छि । यी आठ प्रकारका कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । यीमध्ये केही बजारीकरणका मोडलहरुबाट यस गाउँपालिकाका कृषिको बजारीकरण हुने गरेको छ । यसबाहेक गाउँपालिकाका विभिन्न दिनहरुम लाग्ने हाट बजारहरु मार्फत पनि कृषिको बजारीकरण हुने गर्दछ ।

१. डुलुवा कृषि बजारीकरण

२. फुटपाथ कृषि बजारीकरण

३. स्थायी खुद्रा कृषि उपज बिक्री स्थल

४. स्थायी थोक कृषि उपज बजार

५. फुटपाथ जीउदो पशु, पंक्षी र माछा बिक्री स्थल

६. स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल

७. पशुपंक्षीजन्य उत्पादनको बजारीकरण (दुध, मासु, अण्डा)

८. बजारस्थलमा कृषि वस्तु बजारीकरण (सुपर स्टोर्स देखि मिनि मार्केटसम्म)

## जग्गाको उर्वराशक्ति

गाउँपालिकाका ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा मिक्लाजुङमा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको तथा भिराला पाखाहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## पशुपालन

गाउँपालिकाका विशेषगरी गाई, भैसि, बाखा, सुँगुर, कुखुरा, हाँस, परेवा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा र माछा फर्महरु रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकाका उपलब्ध रहेको छ । नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

## पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकाका निकै बढी मात्रामा रहेको देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फेलिएको पाईंदैन । तथापी यहाँका पशुहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भनै पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### पशु रोगहरुको विवरण

गाउँपालिकाका देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । गाउँपालिकाका वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोपपनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ । जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन । गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । गाउँपालिकाका पशु व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरुलाई समेट्ने गरी पशुसेवा उपकेन्द्र संचालनमा रहेका छन् ।

## सहकारी संस्थाहरूको विवरण

## सहकारी परिचय

सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा मानिएको छ । यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारी कर्ममा सलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै कतिले यसमा रोजगारी पाएका छन् भन्ने कुरा पनि जान्न सकिन्छ । सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू छैनन् । यहाँ १५० वटा भन्दा बढि सहकारी संस्थाहरू रहेका छन् । तिनीहरूको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.१५

सहकारी संस्थाहरूको विवरण

| प्रकृति | बचत तथा ऋण | सहकारी संघ | बहुउद्धेश्य | साना किसान | दूग्ध | कृषि, तरकारी, फलफुल |
|---|---|---|---|---|---|---|
| संस्था/संख्या | ९१ | २ | १९ | ३ | ९ | २६ |

<u>सह सँगसँगै, समान, सह अस्तित्व, कार्य काम सहकारी</u>

यसरी सँगसुँगै मिलेर काम गरी आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउन गरिएको सामुहिक प्रयासलाई नै सहकारी भनिन्छ । प्राचिन सहकारीको सुरुवात पूर्वीय दर्शनबाट भएको हो ।

अैचो पैंचो, अर्मपर्म, मर्दाको मलामी ज्यूँदाको जन्ती जस्ता कुराहरु सहकारीकै रुप हुन् ।
आधुनिक सहकारीको सुरुवात भने सन् १८४४ मा बेलायतबाट भएको हो ।
सहकारी भन्ने वित्तिकै समान आर्थिक स्तर, इच्छा, रुचि र आवश्यकता भएका तथा एउटा निश्चित भौगोलिक सिमा भित्र बसोवास गर्ने वा समान प्रकृतिका कार्यमा संलग्न भएका मानिसहरुले आपसि हितका निम्ती आर्थिक कारोवार गर्न स्थापित गरिएको संस्था भन्ने बुझिन्छ ।

नेपाली बृहत शब्द कोषका अनुसार सहकारी संस्था भन्नाले किसान, मजदुर वा साना पुँजी भएका व्यवसायी वा उपभोक्ताहरुले साझा रुपमा मिलेर सवैको निम्ति उपभोग्य बस्तुको उत्पादन वा वितरण आदिको प्रवन्ध गर्ने र पुँजी तथा श्रम अनुसार मुनाफा बाँडिने एक संस्था भनिएको छ ।

एउटा साझा उद्देश्य लिएर एउटै भौगोलिक क्षेत्र भित्रका व्यक्तिहरूले आ आफ्नो आर्थिक उन्नतीका लागि दुई वा दुई भन्दा बढी व्यक्तिहरू मिलि आ आफ्नो आयको केहि अंश नियमित रुपमा जम्मा गरी आयमूलक कार्य सञ्चालन गर्न ऋण प्रदान गरेर समूह वा संस्थालाई निरन्तरता प्रदान गर्नु नै सहकारी हो । सहकारी लाई औद्योगिकरणको उपज मान्न सकिन्छ ।

- सहकारी समुदायले गर्ने व्यवसाय हो ।
- शेयर सदस्यहरु सहकारीको स्वामी र ग्राहक दुबै हुन्छन् ।
- सहकारीमा पूँजीको हैन सदस्यको महत्व हुन्छ ।
-
- सहकारीले वित्तीय विकासका साथै सामाजिक विकास र वातावरण संरक्षणको दायित्व पनि निर्वाह गरेको हुन्छ

## समुदायमा आधारित सहकारी संस्थाका विशेषताहरु

- संस्थाका संस्थापक, संचालक तथा कर्मचारीहरु स्थानिय व्यक्ति नै हुन्छन् ।
- संस्थाले विनियमका साथै विभिन्न निति नियमहरु तयार गरी त्यसैका आधारमा संस्थाका कार्यहरु संचालन गरिएका हुन्छन् ।
-
- संस्थामा भएको रकमको निश्चित प्रतिशत संस्थामा तरलता राखि बांकी रकम आफ्ना सदस्यहरुलाई नै ऋण लगानि गरिएको हुन्छ।
- संस्थापक र संचालकहरुको लगानि नाम मात्रको अन्यन्त थोरै नभई स्वभाविक हुन्छ ।
-
- प्रजातान्त्रिक प्रणालिवाट चलेको तथा सहकारी भावना र सिद्धान्त बमोजिम अगाडि बढेको हुन पर्छ ।
- संस्था सस्तो लोकप्रियतावाट नभई बलियो सामाजिक आधार भएको हुनु पर्छ ।
- संस्थामा पर्याप्त शेयर पुजि तथा अन्य कोष भएको हुनु पर्छ ।
- नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र वचत संकलन गर्ने र सदस्य भएको केही समय पछि सदस्य भित्रमात्र ऋण लगानि गर्नु पर्ने हुन्छ ।

## सहकारीको उद्देश्य

- यसको मूलभूत उद्देश्य उनीहरुको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउनु हो ।
- सामुहिक रुपमा संगठित भएर सहकारीको सिद्धान्त, मूल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गरी आपसमा मितव्ययिता, स्वावलम्बन र पारस्परिक सहयोगको भावना अभिवृद्धि गर्नु पनि सहकारीको उद्देश्य रहेको छ ।
- समाजमा व्याप्त गरीबी, व्यापारिक एकाधिकारजस्ता आर्थिक एवं सामाजिक विसंगतिहरुको अन्त्य गरी सहकारीताको माध्यमबाट समाजका निम्न आयवर्गीय गरीब जनसमुदायको जीवनस्तर उकास्न र उनीहरुलाई सामाजिक न्याय दिलाउनु ।

## सहकारीको उद्देश्य

- सहकारीको न्यायिक उद्देश्य
- सहकारीको आर्थिक उद्देश्य
- सहकारीको सामाजिक उद्देश्य
- सहकारीको शैक्षिक उद्देश्य

## सहकारीको न्यायिक उद्देश्य

उपलब्ध साधन स्रोतलाई सीमित वर्ग वा व्यक्ति विशेषमा मात्र एकत्रित हुन नदिई सबै वर्ग र व्यक्तिहरमा समानरुपले आर्थिक उपलब्धिहरुको वितरण गरी सदस्यहरुलाई सामाजिक न्याय दिलाउनु सहकारीको प्रमुख न्यायिक उद्देश्य हो ।

यस्तो न्यायोचित धनको वितरणबाट समाजका कमजोर एवं विपन्न वर्गको एकातिर आर्थिक उत्थान हुन्छ भने अर्कोतिर उनीहरुले सामाजिक न्याय र समानता पाउँछन् ।

## सहकारीको आर्थिक उद्देश्य

सदस्यहरुलाई विभिन्न आयमूलक, सीपमूलक एवं उत्पादनशील व्यवसाय सञ्चालन गर्ने रोजगारीका समान अवसरहरु प्रदान गरी उनीहरुको आिर्थक विकास गर्नु सहकरीको आर्थिक उद्देश्य हो ।

सहकारीले आफ्ना सदयहरुको आर्थिक विकासका लागि विभिन्न आिर्थक योजना तथा कार्यक्रमहरु सञ्चालन गरी त्यसमा उनीहरुलाई सहभागी गराउने गर्दछ ।
कुनै पनि सदस्यलाई जात जाति, धर्म, लिङ्ग, वर्ग्रावर्ग, स्तर आदिको दृष्टिले भेदभाव नगरी समानरुपले आर्थिक कारोवार गर्ने, जस्तो बचत गर्ने, ऋण लिने, नाफा प्राप्त गर्ने, व्यवसाय सञ्चालन गर्ने क्रियाकलाप स्वतन्त्ररुपले सञ्चालन गर्ने आर्थिक स्वतन्त्रता प्रदान गर्नु पनि सहकारीको प्रमुख आर्थिक उद्देश्य मानिन्छ ।

## सहकारीको सामाजिक उद्देश्य

समाजमा व्याप्त गरीबी, बेरोजगारी, आर्थिक शोषण र अन्याय॰अत्याचारको अन्त्य गरी एक आदर्श समाजको निर्माण गर्नु हो ।
मानवीय संगठन भएकोले यसले मानिसहरुमा सहयोग, एकता, इमान्दारी, स्वावलम्बन, सामाजिक दायित्वको भावना जस्ता मानवीय गुणहरुको विकास गर्दछ ।
समाजका पछडिपारिएका महिला, दलित, वर्ग वा व्यक्तिहरुलाई समेत आपसमा मिलेर बस्न,

कुनै व्यवसाय गर्न र सहयोग गर्न प्रेरित गर्दछ

सहकारीले आफ्ना सदस्यहरुलाई सामुहिक रुपले कुनै पनि व्यवसाय गर्न मार्गदर्शन गर्ने हुनाले यसबाट समाजमा सामाजिक न्याय र समानताको वातवारण कायम हुन गई सामाजिक विकासको गतिलाई टेवा पुग्दछ ।

## सहकारीको शैक्षिक उद्देश्य

आफ्ना सदस्यहरुको चेतना विकासका लागि सहकारी शिक्षा, तालिम र परामर्श दिनु यसको शैक्षिक उद्देश्य हो ।

सहकारीले आफ्ना आर्थिक कारोवारबाट बचत भएको रकमको केही अंश सहकारी तालिम, शिक्षा, परामर्श सेवा, सेमिनार, गोष्ठीजस्ता शैक्षिक क्रियाकलापमा खर्च गर्ने हुनाले एउटा शिक्षित समाजको निर्माण गर्दछ ।

## शेयर पूजी भनेको के हो

सामान्य अर्थमा पूँजी भन्दासाथ धनसम्पत्ती, रुपैया पैसा, जिन्सी लगानी गरेर प्रतिफल दिन सक्ने अवस्थाको सम्पत्तीलाई जनाउँछ ।

पूँजी भनेको सम्पत्ती हो भने शेयर भनेको त्यसको हिस्सा वा अंश हो । सामान्य अर्थमा भन्नु पर्दा शेयर पूँजी भनेको संस्थाको मूल सम्पत्ती वा पूँजी हो । यो पूँजी आफ्ना सदस्यहरुलाई स सानो हिस्सा प्रदान गरी सङ्कलन गरिन्छ ।

सहकारी संस्थामा अन्य कम्पनीमा वा संस्थामा जस्तो अधिकृत जारी र चुत्ता पूँजी भनेर उल्लेख गरिदैन । संस्थाका हरेक सदस्यलाई अधिकारवाला बनाउनका लागि ससानो अंशमा पूँजीलाई विभाजन गरी राखिएको हुन्छ । सदस्य हुन चाहने व्यक्तिले संस्थाले तोकेको न्यूनतम् शेयर थान खरिद गरेर संस्थाको आधिकारिक सदस्य हुन सक्दछ । शेयर बिना सहकारी संस्थाको सदस्य बन्न सकिदैन ।

शेयर सदस्य बनिसकेपछि सहकारी ऐन २०४८ मा व्यवस्था भए अनुसार शेयर पूँजीको १५५ तोके अनुसार शेयर लाभांशको रुपमा नाफा लिन सकिन्छ ।

सहकारी ऐनमा एउटा सदस्यले शेयर पूँजीको २०५ प्रतिशत मात्र शेयर खरिद गर्न सक्ने व्यवस्था छ । सो भन्दा बढी शेयर चाहेर पनि खरिद गर्न सकिदैन ।

त्यसैले सहकारी संस्थामा लगानीको आधारमा कुनै व्यक्तिले एकाधिकार जमाउन पाउँदैन । सहकारीको शेयर हस्तान्त्ररणको सन्दर्भमा पनि हस्तान्त्रण पनि गर्न सकिन्छ र सदस्यले छोडेर अन्यत्र गएको अवस्थामा शेयर रकम फिर्ता गर्ने प्रावधान सहकारी ऐनमा व्यवस्था गरिएको छ ।

## बचत के हो

- भविष्यको सहारा हो
- आर्थिक विकासको बीज हो
- आर्थिक सङ्कलनको तरीका हो
- खुत्रुके जम्मा, नियमित र बैंक जम्माको थालनी हो
- स(साना व्यवसाय सञ्चालन गरी आय आर्जन गर्ने पु"जीको श्रोत हो
- आफ्नो आर्थिक तथा सामाजिक विकासको प्रयास हो
- फजुल खर्चको कटौती तथा खेर गैरहेको श्रोत साधन र समयको उपयोग हो

## बचत कसरी गर्न सकिन्छ

- कम खर्च गरेर
- फजुल खर्च कम गरेर
- बानीमा सुधार गरेर
- आँम्दानी बढाएर
- त्यागी भएर
- विश्वास, सद्भावना र एकताबद्ध भएर
- आफ्नो तथा परिवारको भविष्य प्रति संवेदशील र दूरदर्शी भएर
- कूलत बानीहरु हटाएर जस्तै चुरोट, रक्सीको सेवन
- अनावश्यक सामाजिक खर्चहरु घटाएर जस्तै विहे, ब्रतबन्ध, काजक्रियामा कम खर्च गरेर
- जाँगरीलो, उद्यमशील र परिश्रमी भएर

## बचत किन गर्ने

- आपतकाल टार्न
- आयमूलक व्यवसाय सञ्चालन गर्न
- आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न
- सामाजिक आर्थिक दायित्व वहन गर्न सजिलो पार्न जस्तै चार्डपर्व, विवाह, ब्रतबन्ध
- सम्पत्ति बढाउन
- सामूहिक र साझेदारी भावनाको विकास गर्न
- आत्मनिर्भर र स्वावलम्बी हुन
- भावि सन्ततिलाई आर्थिक बोझ कम गर्न

## बचतको महत्त्व कुन बेला हुन्छ

- हातमा सीप जाँगर भएको तर पुँजीको अभाव खड्किएको वेला
- अनिकाल परेको समयमा
- दैवि प्रकोपको समयमा
- साहूबाट चर्को ब्याजदरमा ऋण लिनुपर्ने अवस्थामा
- साहूले ऋणका लागि नपत्याउने अवस्थामा
- सामाजिक चार्डपर्व र रीतिरिवाजको लागि पैसा आवश्यक परेको अवस्थामा
- ऋण लिनको लागि धितो राख्ने सम्पत्ति नभएको अवस्थामा
- अन्य आपत्कालिन अवस्थामा

## सहकारी सिद्धान्त

**वचत तथा ऋण सहकारी सञ्चालनसम्वन्धी अन्तर्राष्ट्रिय नौ सिद्धान्तहरु:-**

**प्रजातान्त्रिक संरचना**

खुल्ला तथा स्वेच्छिक सदस्यता

- प्रजातान्त्रिक नियन्त्रण
- भेदभावरहित

**सदस्यहरुलाई सेवा**

- सदस्यहरुलाई सेवा
- सदस्यहरुलाई वितरण
- वित्तीय स्थिरता कायम राख्ने

**सामाजिक उद्देश्यहरु**

- अनवरत शिक्षा
- सहकारीहरुबीच सहयोग
- सामाजिक दायित्व

## सहकारी संस्थाहरूको विवरण

सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा मानिएको छ । सहकारी संस्थले आपसमा सहकार्य गरी गरिवी निवारण गर्न र अर्थतन्त्रलाई सवल वनाउन सहयोग पुर्याउने गरेको छ । सहकारीको भावनाले ओतप्रोत भएका मानिसहरुमा अर्काको दुख सुख वुभ्mने र अरुको खुसीमा रमाउने र दुखमा चिन्तित हुने प्रवृति देखा पर्दछ ।

यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारीमा सलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै सहकारीले कतिको वित्तीय परिचालन भएको छ भन्ने कुराको मात्र हैन रोजगारीको अवस्था पनि अवगत हुने गर्दछ ।

पथरीशनिश्चरे नगरपालिका क्षेत्रमा केही बैंक तथा वित्तीय संस्था भए पनि सहकारी त्यतिकै सशक्त छन् । सहकारीको क्षेत्रमा नेतृत्वदायी व्यक्तित्वहरू पथरीशनिश्चरेमा रहेको पाउन सकिन्छ ।

यस नगरपालिकालाई एक समृद्ध नगरको रुपमा स्थापित गर्न यहाँ रहेको सहकारी संस्थाहरुले नेतृत्वदायि भुमिका निर्वाह गरिरहेका यहाँ रहेका सहकारी संस्थाहरूको विवरण तलको तालिकामा दिइएको छ ।

## बैंक, वित्तिय तथा सहकारी संस्थाहरु :

| क्र.स. | सहकारी सस्था | फाइनान्स | विकास बैंक | बैंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | सप्तमुखी बचत तथा ऋण सहकारी संस्था लि. टाँढी । | | | | |
| २ | चुरेफेदी महिला बचत तथा ऋण सहकारी संस्था लि. टाँढी । | जीवन विकास लघुबित्त | ग्रामिण विकास बैंक | | |
| ३ | नमूना बचत तथा ऋण सहकारी संस्था लि. जाँते । | | एन्एम्बी बैंक | | |
| ४ | जाँते बचत तथा ऋण सहकारी संस्था लि. जाँते । | | | | |
| ५ | पन्चमुखि बचत तथा ऋण सहकारी संस्था लि. जाँते । | | | | |
| ६ | उज्वल बचत तथा ऋण सहकारी संस्था लि. जाँते । | | | | |
| ७ | विन्ती बचत तथा ऋण सहकारी संस्था लि. जाँते । | | | | |
| ८ | सेवादायी सम्मृद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. जाँते । | | | | |
| ९ | रमितेखोला कृषि सहकारी संस्था लि. रमितेखोला । | | | | |
| १० | लावा कृषि सहकारी संस्था लि. टाँढी । | | | | |
| ११ | टाँढी कृषि सहकारी संस्था लि. टाँढी । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सरोकार कृषि सहकारी संस्था लि. टाँढी । | | | | |
| १३ | सिर्जनात्मक साना किसान कृषि सहकारी संस्था लि. टाँढी । | | | | |
| १४ | प्रतिष्ठा सुपारी उत्पादक कृषि सहकारी संस्था लि. मधुमल्ला । | | | | |
| १५ | वर्तमान कृषि सहकारी संस्था लि. मधुमल्ला । | | | | |
| १६ | घरायसी महिला कृषि सहकारी संस्था लि. जाँते । | | | | |
| १७ | निर्यात सुपारी उत्पादक तथा प्रशोधन सहकारी संस्था लि. जाँते । | | | | |
| १८ | नवपालुवा कृषि सहकारी संस्था लि. जाँते । | | | | |
| १९ | उन्नत कृषि सहकारी संस्था लि. जाँते । | | | | |
| २० | उत्तरी मोरग कृषि महिला सहकारी संस्था लि. जाँते । | | | | |
| २१ | चेलीबेटी महिला कृषि सहकारी संस्था लि. जाँते । | | | | |
| २० | मिलन फलफूल तथा तरकारी उत्पादक सहकारी संस्था लि. मधुमल्ला । | | | | |

यहाँ नामोल्लेख गरिएका कतिपय सहकारी जाँते र मधुमल्लाका यस गाउँपालिका भित्र नपर्ने वडाका पनि समावेश भएका छन् ।

## खुल्ला क्षेत्र

| क.स. | गापा नपाको नाम | मुख्य वजार | केन्द्रवाट दुरी | कैफियत |
|---|---|---|---|---|
| | मिक्लाजुङ्ग | मधुमल्ला | ० किमी | |
| | मिक्लाजुङ्ग | धोबिनी | ५ किमी | |
| | मिक्लाजुङ्ग | बैकुन्ठे | १६ किमी | |

## चलअचल सम्पत्ति (गापा, कृषिपशु, स्वास्थ्य, हुलाक, रेन्जपोष्ट आदि कार्यालयहरू)

| क.स. | अचल सम्पति | इकाइ (वटा, विगाहा, रोपनी, कठ्ठा आदी) | स्वामित्वमा रहेको गा.पा/नपा | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | १२ वटा | | |

| | | | | |
|---|---|---|---|---|
| २ | जमिन | १९ कठ्ठा | ८.५ रोपनी | |
| ३ | गाडी | ० | | |
| ४ | मोटर साइकल | ५ | | |
| ५ | अन्य मेशिन | प्रिन्टर र कम्प्यूटर ८ | | |
| ६ | अन्य | | ल्यापटप २ वटा | |

## धार्मिक स्थलको नाम

| क.स. | मन्दिर | मस्जीद | गुम्बा | चर्च | अन्य |
|---|---|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर, मिक्लाजुङ्ग ९ | | उद्यान खैजुङ गुम्बा, मिक्लाजुङ्ग ५ | लेटर एन्ड रिभाइभर चर्च, मिक्लाजुङ्ग ७ | |
| २ | ओमकारेश्वर मन्दिर, मिक्लाजुङ्ग ८ | | | ज्योती चर्च, मिक्लाजुङ्ग ७ | |
| ३ | लक्ष्मीनारायण मन्दिर, मिक्लाजुङ्ग ८ | | | इदुल चर्च, मिक्लाजुङ्ग ८ | |
| ४ | लक्ष्मीनारायण मन्दिर, मिक्लाजुङ्ग ७ | | | खाँबेझोडा चर्च, मिक्लाजुङ्ग ६ | |
| ५ | शिवमन्दिर, मिक्लाजुङ्ग ६ | | | गोगने चर्च, मिक्लाजुङ्ग ६ | |
| ६ | दुर्गा मँन्दिर, मिक्लाजुङ्ग ९ | | | कोल्बोटे चर्च, मिक्लाजुङ्ग ६ | |
| ७ | काली मन्दिर, मिक्लाजुङ्ग ९ | | | चर्च टिम्केनी, | |
| ८ | देवीथान, मिक्लाजुङ्ग ६ | | | छोबेली बजार चर्च, | |
| ९ | शिवालय, मिक्लाजुङ्ग १ | | | सुन्दरी चोक चर्च, | |
| १० | चुली पोखरी किरातेश्वर मन्दिर, मिक्लाजुङ्ग २ | | | कालीदह चर्च | |
| ११ | रामजानकी मन्दिर, मिक्लाजुङ्ग २ | | | चर्च शाखरे | |
| १२ | शिवमन्दिर, मिक्लाजुङ्ग २ | | | | |
| १३ | रामेश्वर शिवालय, मिक्लाजुङ्ग ३ | | | | |
| १४ | जलेश्वर शिवालय, मिक्लाजुङ्ग ३ | | | | |
| १५ | पाथीभरा जलकन्या मन्दिर, मिक्लाजुङ्ग ३ | | | | |

यस गाउँपालिकामा अन्य ससाना थुप्रै मन्दिरहरू छन्, जसको लेखाजोखा गर्न असम्भव छ।

## सडक सन्जालको वर्तमान अवस्था

| क.स. | सडकको वर्गीकरण | लम्बाई कि.मि. | सडकको औसत चौडाइ फि | सडकले सेवा पुगेका वडा |
|---|---|---|---|---|
| १ | ..... राजमार्ग | ८ | ५० | |
| २ | सहायक राजमार्ग | २६ | ३६ | |
| ३ | पक्की तथा कालोपत्रे | ८ | ३० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | ग्राभेल सडक | २६ | २० | |
| ५ | कच्ची सडक/मौसमी सडक | २० | २० | |
| ६ | मुल वाटो (Trail) | ० | | |
| ७ | ईंटा विच्छ्याइएको वाटो | ० | | |
| ८ | ढुङ्गा छापेको वाटो | ० | | |
| ९ | सिढी तथा सुडकिला | ० | | |

श्रोतः गाउँपालिका, मिक्लाजुङ्ग ।

## निर्माणाधीन गाउँस्तरीय सडकहरू

| सडकको किसिम | लम्बाई कि.मि. | सडकको चौडाइ मी. | सडक पुगेको वडा | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| कालो पत्रे | | | | |
| ग्राभेल | १० | २० फिट | १ देखि ९ वडा | १५००० |
| कच्ची तथा धुले | ३० | १६ फिट | | २०००० |
| जम्मा | ४० | | | ३५००० |

## रूट परमिट लिएर चलेका सवारी साधन

| बस चल्ने शुरू स्थान | बस पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन संख्या | वस स्टप संख्या ( यात्रु चढाउने ओराल्ने स्थान) | कैफियत |
|---|---|---|---|---|
| उर्लाबारी | मधुमल्ला | १० | | |
| मधुमल्ला | टाटीबारी | १ | | |
| मधुमल्ला | लालमाटी | १ | | |
| उर्लावारी | टाँढी | ३ | | |
| जम्मा | | १५ | | |

## गाउँ क्षेत्रमा चल्ने सवारी साधन

| क.स. | सवारी साधनको प्रकार अवस्था | संख्या | अवस्था | | अवस्था |
|---|---|---|---|---|---|
| | | | १० वर्ष सम्म पुरानो | १० वर्ष भन्दा बढि पुरानो | |
| १ | नीजि | ४० | २० | २० | |
| २ | सरकारी स्वामित्वका | २ | मोटरसाईकल | | |
| ३ | सार्वजनिक (भाडाका) | १५ | ५ | १० | |
| ४ | कुटनैतिक | ० | | | |
| ५ | अन्तराष्ट्रिय गै.स.स | ० | | | |

## विद्यमान सतह ढलको अवस्था

| सतह ढलको प्रकार | कि.मि. |
|---|---|

| | |
|---|---|
| ह्युम पाइप | २०० मी |
| पक्की स्ल्याब ढाकिएको | १४०० मी |
| पक्की स्ल्याव नढाकिएको | ० |
| जम्मा | १६०० मी |

श्रोत: गाउँपालिका मिक्लाजुङ्ग ।

## सार्वजनिक सौचालय सम्बन्धी विवरण

| क.स | सार्वजनिक शौचालय रहेको स्थान | वडा न. | कैफियत | सञ्चालनको अवस्था | सञ्चालक |
|---|---|---|---|---|---|
| १ | मधुमल्ला बजारमा १ | | | | |
| २ | बाखा बजार १ | | | | |

यस गाउँपालिकामा जम्मा दुईवटा सार्वजनिक सौचालय रहेका छन् ।

## प्रकोपबाट भएको क्षतिसम्बन्धी विवरण

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षती रू. | मानवीय क्षति |
|---|---|---|---|
| बाढि | ५५ घर विस्थापित | २ करोड | |
| पहिरो | | | |
| आगजनी | | | |
| महामारी | | | |
| हावाहुरी | | | |
| चट्याङ्ग | | | |
| नदि कटान | | | |
| खडेरी | | | |
| शित लहर | | | |
| भुकम्प | | | |
| अन्य.. | | | |

## गाउँपालिका भित्र विपद व्यवस्थापन पूर्व तयारी सम्बन्धी विवरण

गाउँ समिति: छ

सुरक्षित स्थान तोकेको: छ ।

विपद व्यवस्थापन पूर्व तयारी योजना बनेको: छ ।

विपद व्यवस्थापन कोष बनेको छ ।

## ग्रामिण विद्युतिकरण

| क.सं. | विवरण | परिमाण (संख्या) |
|---|---|---|
| १ | ग्राहस्थ लाईन संख्या | ४४५० वटा |

| | | |
|---|---|---|
| २ | औद्योगिक लाइन संख्या | ५ वटा |
| ३ | व्यापारिक संख्या | ५० वटा |
| ४ | मन्दिरमा वितरीत संख्या | १० वटा |
| ५ | खानेपानी | १ |
| ६ | सडक बत्ति | वडा नं. ७ र ९ मा भएको |
| ७ | अस्थायी बत्ति | |
| ८ | सिंचाई | ५० वटा |
| जम्मा ग्राहक संख्या | | |
| | स्विचिङ्ग स्टेशन | |
| ९ | ट्रान्सफर्मर संख्या | ७३ |

## दुर सन्चारसम्बन्धी विवरण

| क.स. | संचार सेवाको किसिम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | PSTN टेलिफोन लाईन | २५० लाईन | |
| २ | ए.डी.एस.एल. सेवा | ७९ परिवार | |
| ३ | इन्टरनेट तथा जी.पी.आर.एस. सेवा | १५० जना | Wireless सेवाको Data एकिन गर्न नसकिने भएकाले |
| ४ | मोबाइल टावर जी.एस.एम. | १ वटा | |
| ५ | मोबाइल टावर स्काई | १ वटा | |
| ६ | जी.एस.एम. पोस्टपेड मोबाइल | ३६७ वटा | |
| ७ | जी.एस.एम. प्रिपेड मोबाइल | १८ हजार | |
| ८ | स्काई पोस्टपेड मोबाइल | १२ | |
| ९ | स्काई प्रिपेड मोबाइल | २४ | |

## झोलुङ्गे पुल पुलेसासम्बन्धी

| पुल/खोलाको नाम | दायाँ किनारा रहेको स्थान | बायाँ किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय |
|---|---|---|---|---|
| झोलुङ्गे पूल | तोरीबारी | टाँढी | २०७१ | जिविस |
| झोलुङ्गे पूल | उखुढुङ्गा | डिहीटार | २०६८ | जिविस |
| झोलुङ्गे पूल | उतिसवन | उतिसवन | २०६५ | जिविस |
| जम्मा | ३ वटा | | | |

## व्यापारिक केन्द्रको विवरण

| क.स. | व्यापारिक केन्द्रहरूका नाम | व्यापारिक वस्तु | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | मधुमल्ला | कृषिजन्य उत्पादन | |
| २ | धोबिनीबजार | तरकारी | |
| ३ | आइतबारे | तरकारी | |

## सामुदायिक भवनहरूको विवरण

| क.स. | सामुदायिक भवनका नाम | वडा नं. | हालको उपयोग |
|---|---|---|---|
| १ | जाँते सामुदायिक भवन | ५ | उपयोगमा रहेको |
| २ | चुरेफेदी सामुदायिक भवन | ३ | उपयोगमा रहेको |

## सार्वजनिक पाटी, पौवा र चौतारा

| क.स. | सार्वजानिक वस्तु वितरण | स्थान | उपयोग |
|---|---|---|---|
| १ | बाखाबजार चौतारा | मधुमल्ला | बजार लाग्ने |
| २ | टाँढी चौतारा | टाँढी | प्रयोगमा रहेको |
| ३ | मधुमल्ला चौतारा | मधुमल्ला | प्रयोगमा रहेको |

यस गाउँपालिका भित्र सार्वजनिक पाटी र पौवा भने छैनन् ।

## खेल मैदानसम्बन्धी विवरण

| क.स. | खेल मैदान किसिम र क्षेत्रफल | स्थान वडा नं. | उपयोग अवस्था |
|---|---|---|---|
| १ | ४ कठ्ठा | मधुमल्ला ७ | युवाहरूले उपयोग गर्ने गरेको |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण

| क.स. | पार्क तथा बाल उद्यानको विवरण | स्थान वडा नं. | सन्चालक |
|---|---|---|---|
| १ | देवीस्थान ताल | ७ | यूवादिप |
| २ | देवीमन्दिर | ८ | मन्दिर व्यवस्थापन समिति |

यस गाउँपालिका क्षेत्रमा कुनै पनि पार्क र उद्यानहरू बनेका छैनन् । तर यो गाउँपालिका सामुदायिक वनका दृष्टिले निकै महत्वपूर्ण छ । यस विभिन्न सामुदायिक वनहरू छन्, जसको नाम तल दिइएको छ ।

## सामुदायिक बनहरुको विवरण

१) धानखेती सामुदायिक वन, जाँते, क्षेत्रफल १४५.११ हेक्टर ।

२) नमूना सामुदायिक वन, मधुमल्ला, क्षेत्रफल ८६.१२ हेक्टर ।

३) मयुर सामुदायिक वन, मधुमल्ला र टाँढी, क्षेत्रफल १०१.८९ हेक्टर ।

४) त्रिवेणी सामुदायिक वन, टाँढी, क्षेत्रफल ८४.४९ हेक्टर ।

५) बरडाँडा सामुदायिक वन, जाँते, क्षेत्रफल १११.१४ हेक्टर ।

६) नमूना हरियाली सामुदायिक वन, जाँते, क्षेत्रफल ९८.७५ हेक्टर ।

७) पञ्चमी सामुदायिक वन, टाँढी, क्षेत्रफल १०३ हेक्टर ।

८) सिंहदेवी गौतम सामुदायिक वन, जाँते, क्षेत्रफल १२५ हेक्टर ।

९) बरालेथुम्की सामुदायिक वन, जाँते, क्षेत्रफल १०८ हेक्टर ।

१०) हिमाली सामुदायिक वन, जाँते, क्षेत्रफल ९०.७५ हेक्टर ।

११) राँकेडाँडा सामुदायिक वन, टाँडी, क्षेत्रफल ९६.८० हेक्टर ।

१२) चुलाचुली सामुदायिक वन, टाँडी, क्षेत्रफल ४९५.५० हेक्टर ।

१३) किरातेश्वर हाङ्साम हाङ्दिम धार्मिक वन, टाँडी, क्षेत्रफल १.१२ हेक्टर ।

यसरी यस गाउँपालिकामा सामुदायिक वनको क्षेत्रफल १६४६.५५ हेक्टर रहेको छ ।

## गाउँपालिका कार्यालयदेखि वडा केन्द्रसम्मको दुरी

| वडा नं. | नगरकेन्द्र रहेको स्थान | केन्द्र सम्मको दुरी |
|---|---|---|
| १ | मिक्लाजुङ्ग गाउँपालिका १ | २५.७ कि.मी |
| २ | मिक्लाजुङ्ग गाउँपालिका २ | ९.२ कि.मी |
| ३ | मिक्लाजुङ्ग गाउँपालिका ३ | ८ कि.मी |
| ४ | मिक्लाजुङ्ग गाउँपालिका ४ | ६ कि.मी |
| ५ | मिक्लाजुङ्ग गाउँपालिका ५ | १८ कि.मी |
| ६ | मिक्लाजुङ्ग गाउँपालिका ६ | ४ कि.मी |
| ७ | मिक्लाजुङ्ग गाउँपालिका ७ | १ कि.मी |
| ८ | मिक्लाजुङ्ग गाउँपालिका ८ | ४ कि.मी |
| ९ | मिक्लाजुङ्ग गाउँपालिका ९ | ० कि.मी |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था:

यस गाउँपालिका भित्र निम्नानुसारका गैर सरकारी संघसंस्थाहरू रहेका छन् ।

१) नेपाल रेडक्रस सोसाइटी

२) समाज विकास केन्द्र

३) जीवन विकास केन्द्र

**वडा नागरिक मन्च तथा सचेतना केन्द्र:** मन्त्रालयको निर्देशनअनुसार सवै वडाहरूमा नागरिक वडामञ्च खडा भएका छन् । यस गाउँपालिकामा २७ वटा वडा नागरिक मन्च रहेका छन् । तिनीहरूमा प्रत्येकमा १२०० सदस्यहरू छन् ।

## जनचेतनामूलक तालिम प्राप्त गरेको जनसंख्या

| क्र. स. | तालिम विवरण | लिङ्ग | | जम्मा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | | |
| १ | वचत तथा ऋण | | | १ | |
| २ | संस्थागत नेतृत्व | | | ०.५ | |
| ३ | लैङ्गिक समविकास | | | १ | |
| ४ | स्वास्थ्य | | | ५ | |
| ५ | परिवार नियोजन | | | ५ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | खानेपानी सरसफाइ | | | ३ |
| ७ | वन व्यवस्थापन | | | १ |
| ८ | फोहोरमैला व्यवस्थापन | | | ८ |
| ९ | सिप विकास | | | ५ |
| १० | अन्य | | | ६ |
| जम्मा | | | | ३५.५ |

## मुख्य पेशा व्यवसाय सम्बन्धी

| क्र. स. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **कृषि** | | |
| २ | खेतिपाती | | ७० |
| ३ | पशुपालन | | ११ |
| ४ | कुखुरा पालन | | १८ |
| ५ | माछा पालन | | ०.१ |
| ६ | अन्य | | ०.९ |
| **जम्मा** | | | १०० |
| | **गैर कृषि** | | |
| | व्यापार | | १० |
| | उद्योग | | ३ |
| | नेकरी | | ५ |
| | दैनिक ज्यालादारी | | ६० |
| | वैदेशिक रोजगार | | १५ |
| | अन्य | | ७ |
| **जम्मा** | | | |
| कुल जम्मा | | | १०० |

## औसत माशिक पारिवारिक आम्दानी

| क.स. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रूपैयामा) | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | ६४१ | १० |
| २ | १००० देखि २००० | १२७२ | २० |
| ३ | २००१ देखि ३००० | १९३९ | ३० |
| ४ | ३००१ देखि ५००० | ६४१ | १० |
| ५ | ५००१ देखि १०००० | ६४१ | १० |
| ६ | १०००० देखि १५००० | ३२१ | ५ |

| | | | |
|---|---|---|---|
| ७ | १५००० देखि २५००० | ६४१ | १० |
| ८ | २५००० भन्दा माथि | ३२१ | ५ |
| जम्मा | | ६४१७ | १०० |

गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

## औषत मासिक पारिवारिक बचत

| क.स. | औसत मासिक पारिवारिक बचत विवरण (रूपैंयामा) | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शून्य | | |
| २ | ५०० देखि १००० | १२७२ | २० |
| ३ | १००१ देखि २००० | ६४१ | १० |
| ४ | २००१ देखि ३००० | १२७२ | २० |
| ५ | ३००१ देखि ५००० | १९३९ | ३० |
| ६ | ५००१ देखि १०००० | ९७२ | १५ |
| ७ | १०००० भन्दा माथि | ३२१ | ५ |
| जम्मा | | ६४१७ | १०० |

श्रोत: गाउँपालिका कार्यालय, मिक्लाजुङ्ग ।

**रेमिटेन्स विवरण:** यकिन नभएको ।

## बार्षिक कृषि उत्पादन सम्बन्धी सूचना

| वाली/उत्पादन समूह | आर्थिक वर्ष (२०६९२०७०) | |
|---|---|---|
| | क्षेत्रफल (रोपनीमा) | उत्पादन (क्विन्टलमा) |
| **अन्न वाली** | | |
| धन | ३० प्रतिशत | |
| मकै | ५० प्रतिशत | |
| कोदो | १५ प्रतिशत | |
| गहुँ | ५ प्रतिशत | |
| **दलहन वाली** | | |
| मास, बोडी,सिमी, मस्याङ, मुसुरो | ३० प्रतिशत | |
| **तेलहन वाली** | | |
| तोरी, सूर्यमुखी .... | ३ प्रतिशत | |
| **तरकारी वाली** | | |
| आलु, प्याज, काउली, भन्टा, बन्दा, गोलभेडा, | ३ प्रतिशत | |

| | | |
|---|---|---|
| राम तोरिया, साग...... | ५ प्रतिशत | |
| अदुवा, बेसार, लसुन, खुसार्नी | ४० प्रतिशत | |
| **फलफूल खेती** | | |
| केरा, आँप, सुन्तला, नासपाती, भुईकटहर .... | ५ प्रतिशत | |

## पशुधन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण

| क्र. सं. | किसिम संख्या | संख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दूध लि. | मासु केजी | उन केजी |
| | गाई गोरू | ४००० | १००० | ५००० | | | |
| | भैंसी राँगा | २००० | ५०० | २५०० | | | |
| | बोका खसी वाखा | २५०० | १०० | ३५०० | | | |
| | भेडा च्याङ्ग्रा | ५०० | १०० | ६०० | | | |
| | सुँगुर वङ्गुर | १५०० | ५०० | २००० | | | |
| | अन्य............. | | | | | | |
| २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा संख्या | | मासु केजी |
| | कुखुरा | | | २८००० | | | |
| | हाँस | | | ९००० | | | |
| | अन्य ................ | | | | | | |
| ३ | माछा केजी | | | ४००० | | | |
| | क मौरी घार मह केजी | | | ९०० | | | |
| ४ | अन्य ............. | | | | | | |

श्रोत: पशु सेवा केन्द्र ।

## गाउँबाट बाहिर निकासी हुने वस्तुहरूको विवरण

| क्र.सं. | आयात निर्यात वस्तुहरूको नाम | निकासी हुने वार्षिक परिमाण(क्विन्टल) | जम्मा निकासी मूल्य |
|---|---|---|---|
| १ | कृषि तथा वनजन्य उत्पादनको निर्यात (खाद्यन्न तथा नगदे लगायत जडिबुटी....... | धान, मकै र गहूँ | |
| जम्मा | | | |
| २ | औद्योगिक निर्यात ( निर्माण सामाग्री......) | विभिन्न औद्योगिक वस्तुहरू | |
| जम्मा | | | |
| ३ | कृषि तथा वनजन्य उत्पादनको आयात (खाद्यन्न तथा नगदे लगायत जडिबुटी....... | | |
| जम्मा | | | |

| | | | |
|---|---|---|---|
| ४ | औद्योगिक निर्यात ( निर्माण सामाग्री.....) | | |
| जम्मा | | | |

यस गाउँपालिकाबाट ढुङ्गा, गिट्टी, अदुवा, अम्लिसो, केरा र मह निकासी हुने गरेको छ।

## औद्योगिक तथा व्यपार व्यवसाय (निर्माण व्यवसायीसमेत विवरण)

| सि. नं. | व्यपार,व्यवसाय विवरण जम्मा संख्या | जम्मा संख्या |
|---|---|---|
| १ | दुग्ध व्यवसायी | २ |
| २ | टेलर्स | २५ |
| ३ | सुनचाँदी व्यवसायी | १५ |
| ४ | भाडा व्यवसायी | १२ |
| ५ | होटल व्यवसायी | ३० |
| ६ | फेन्सी व्यवसायी | ३० |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | १५ |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | १५ |
| ९ | इलेक्ट्रोनिक व्यवसायी | १८ |
| १० | माछामासु पसल, व्यवसायी | ६३ |
| ११ | हेयर सैलुङ्ग तथा सौन्दर्यकला व्यवसायी | २२ |
| १२ | उद्योग | १७ |
| १३ | आर्ट व्यवसायी | ३ |
| १४ | बेकरी तथा मिष्ठान्न व्यवसायी | २ |
| १५ | वाल मनोरञ्जन | ० |
| १६ | बङ्गुर पालन | २२ |
| १७ | कार्ड बोर्ड उत्पादन | ० |
| १८ | बोडिङ्ग स्कुल संचालन | ११ |
| १९ | ठेक्कापट्टा | १५ |
| २० | जुत्ता पसल | २६ |
| २१ | फोटो स्टुडियो | ५ |
| २२ | फर्निचर | २ |
| २३ | किनारा पसल तथा व्यवसायी | ५५ |
| २४ | सि.डि.पसल | ० |
| २५ | पुल हाउस | ० |
| २६ | अटो वर्कसप | ८ |
| २७ | कपास उद्योग | १ |
| २८ | राइस मिल | १४ |

| | | |
|---|---|---|
| २९ | घडि रेडियो टि.भी मर्मत | ७ |
| ३० | पेट्रोल पम्प | १ |
| ३१ | मसला उद्योग | ० |
| ३२ | चस्मा पसल | ३ |
| ३३ | पस्मिना पसल | ० |
| ३४ | माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स | ५ |
| ३५ | खोज अनुसन्धान सेन्टर | ३ |
| ३६ | खाजाघर तथा चिया पसल | ९० |
| ३७ | ढुवानी सेवा | १ |
| ३८ | पाङ्नो माटो व्यवसाय | ० |
| ३९ | टयुसन सेन्टर | २ |
| ४० | हाउजिङ्ग | ० |
| ४१ | कार्पेट पसल | ५ |
| ४२ | सरसफाइ तथा फोहोर मैला संकलन | ० |
| ४३ | नर्सरी फुल व्यवसायी | ३ |
| ४४ | कुरियर | ४ |
| ४५ | मदिरा व्यवसाय | ६५ |
| ४६ | ग्यास डिलर | ४ |
| ४७ | नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र | १ |
| ४८ | पाउ भण्डार | ० |
| ४९ | क्याटरिङ्ग | २ |
| ५० | कानुन व्यवसायी र परामर्श सेवा | ० |
| ५१ | जिमखाना | १ |
| ५२ | निर्माण व्यवसायी तथा सप्लायर्स | २ |
| ५३ | कवाडी संकलन केन्द्र | ० |
| ५४ | मल बिउ उत्पादन | ० |
| ५५ | कम्प्युटर टेनिङ्ग सेन्टर साईवर व्यवसायी | ३ |
| ५६ | फिल्म हल | १ |
| ५७ | सिसा पसल | ८ |
| ५८ | पुस्तक व्यवसायी तथा फोटोकपी | ९ |
| ५९ | मनी टान्सफर | १२ |
| ६० | सहकारी | २१ |
| ६१ | बैंक | ३ |

| | | |
|---|---|---|
| ६२ | बिज्ञापन मिडिया र केवल सेवा | २ |
| ६३ | कागज उद्योग तथा छापाखाना | १ |
| ६४ | पानी फिल्टर | ० |
| ६५ | पार्टी प्यालेस | ० |
| ६६ | भेटनरी | ४ |

## विगत ५ आर्थिक वर्षको आयव्यय विवरण

| आर्थिक वर्ष | आय शीर्षक | रकम | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|
| २०६८।६९ | | ९७००००० | | ९७००००० |
| २०६९।७० | | १०३००००० | | १०३००००० |
| २०७०।७१ | | ११२००००० | | ११२००००० |
| २०७१।७२ | | १२३००००० | | १२३००००० |
| २०७२।७३ | | १४१००००० | | १४१००००० |
| जम्मा | | ५७६००००० | | ५७६००००० |

श्रोत: गाउँपालिका कार्यालय ।

## गाउँपालिकाले सन्चालन गरेका प्रमुख कार्यकम

| कार्यकमगत विवरण | कार्यान्वयनको अवस्था | मुख्य प्रयासहरू |
|---|---|---|
| १. प्रशासनिक साङ्गठनिक सुदृढीकरण , क्षमता र सेवा | | |
| खुल्ला दिसामुक्त भएको | पूर्ण भएको | |
| प्रभावकारीता अभिवृद्धि सम्वन्धी | | |
| | | |
| | | |
| २. वित्तिय व्यवस्थापन तथा श्रोत परिचालन सम्वन्धी कार्यक्रम | | |
| | | |
| | | |
| ३. भौतिक पूर्वाधार तथा शहरी विकास सम्वन्धि कार्यकम | | |
| | | |
| | | |
| ४. समाजकल्याण तथा सामाजिक विकास सम्वन्धी कार्यक्रम | | |
| जातजाति, भाषाभाषी सम्वन्धमा | | |
| | | |
| ५. कला संस्कृति , सम्पदा तथा वातावरणिय सुधार कार्यक्रम | | |

| | | |
|---|---|---|
| सिमसार विकास कार्यक्रम | | |
| | | |
| ६. पर्यटन विकास कार्यक्रम | | |
| | | |
| | | |

## गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभा अर्याल | कार्यकारी अधिकृत | प्रशासन, गापा | राप तृतीय |
| २ | राजेश खतिवडा | नासु | लेखा, गापा | रापअ |
| ३ | चन्द्रप्रसाद पराजुली | नासु | वडा नं. ६,७,८ र ९ | |
| ४ | यज्ञनीधि पौडेल | नासु | वडा नं. २, ३ र ४ | |
| ५ | फडिन्द्र विश्वकर्मा | खरिददार | वडा नं. १ | |
| ६ | मिनराज रिमाल | खरिददार | वडा नं. ५ | |
| ७ | कुमार बस्नेत | सव इन्जिनियर | गापा | |
| | स्थानीय निकाय कर्मचारी | | | |
| १ | महेन्द्र भण्डारी | सहलेखापाल | मिक्लाजुङ्ग गापा | |
| २ | जंगबहादुर राई | खरिददार | | |
| ३ | टंक प्रसाद दुलाल | सहायक | | |
| ४ | भवानी प्रसाद ढकाल | प्रास | | |
| ५ | लोकनाथ आचार्य | प्रास | | |
| ६ | लगनलाल अघोरी | कास | | |
| ७ | अगम बहादुर विश्वकर्मा | कास | | |
| ८ | शरण गजमेर | कास | | |
| ९ | सिताराम कुर्मी | कास | | |
| १० | गीतादेवी अघोरी | कुचिकार | | |
| ११ | इन्दिरा गौतम | परामर्शदाता | | |
| १२ | विमला पोखेल | साप | | |
| १३ | डम्बर राई | साप | | |
| १४ | भूमादेवी मगर | साप | | |
| १५ | इशा लिम्बू | साप | | |

## सरकारी कार्यालयहरूको नाम, टेलिफोन र विवरण

| सि. नं. | पद | कार्यालय | फोन नं. कार्यालय | फोन नं. निवास |
|---|---|---|---|---|
| १ | सहायक वन अधिकृत | इलाका वन कार्यालय | | ९८४५१३२५८३ |
| २ | खरिददार | इलाका हुलाक | | ९८११०५१७६३ |
| ३ | इलाका अधिकृत | इलाका स्वास्थ्य | | ९८४२१४१९५४ |
| ४ | सई | इलाका प्रहरी | | ९८५२६९०११५ |

## स्थानीय राजनैतिक दलहरू

| १. दलको नाम: | | | |
|---|---|---|---|
| सि.नं. | नाम,थर | पद | फोन नं. |
| १ | नेका | | |
| २ | नेकपा एमाले | | |
| ३ | नेकपा माओवादी केन्द्र | | |
| ४ | राप्रपा | | |
| ५ | संघीय लिम्बूवान पार्टी | | |

## गाउँपालिकाले साझेदारी गरेका संघसंस्था

| सि.नं. | संघसंस्थाको नाम | कार्यक्रम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | प्लान नेपाल | वातावरण | ९ लाख | |

## गाउँपालिकाको स्थापनादेखि हालसम्मका प्रमुखहरूको विवरण

| सि.नं. | नाम | कार्य अवधि | निर्वाचित र मनोनित | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रप्रसाद पराजुली | २०७३।१२।१-१२।२० | | |
| २ | प्रभा अर्याल | २०७३।१२।२० | | |

## विगत ३ वर्षको MCPM को स्तर

| आ.व. २०६८/६९ | आ.व. २०६९।०७० | आ.व. २०७०२०७१ |
|---|---|---|
| मध्यम | मध्यम | मध्यम |

## शवदाह, पशुबधशालाको विवरण

| सि.नं. | विवरण | स्थान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | १ शवदाह | | |
| २ | छैन | | |

शवदाहा खोलामा हुने गरेको छ भने पशुबधशाला बनाइएको छैन ।

यस गाउँपालिकामा धान र तरकारी तथा बाखा, कुखुरा र बङ्गुर पालन विशेषगरी व्यवसायिक रूपमा गर्ने गरिएको छ । धान खेति मधुमल्ला र जाँते भेगमा तथा अन्य भागमा भने अन्य व्यवसायिक खेति गरिन्छ ।

## बेरोजगार तथ्यांक

| क्र.सं. | लिङ्ग | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पुरूष | २० प्रतिशत | |
| २ | महिला | ३० प्रतिशत | |
| ३ | अन्य | | |

## गाउँपालिकाका अवशर, चुनौति र समस्याहरू

**अवशरहरू:** यस गाउँपालिकामा नगदेबाली उत्पादन हुने गरेको छ । यो गाउँपालिका उर्लाबारी र पथरीसँगै जोडिएको छ । यस गाउँपालिकाको अत्यधिकजसो भूभाग पहाडी भागमा पर्ने भए पनि यहाँ थुप्रै सामुदायिक वन छन् । यता अदुवा, अम्लिसो र तरकारी खेतीका दृष्टिले यो गाउँपालिका निकै सम्पन्न छ । यहाँ माहुरी, बाखा, बङ्गुर र अन्य पशुहरू पालनका लागि पनि महत्वपूर्ण मानिन्छ ।

**चुनौति:** गरिवी, भूमिहिनता, अव्यवस्थित बसोबास, औद्योगिक प्रदुशण, सार्वजनिक जमिनको कमी र बेरोजगारी यस गाउँपालिकाका चुनौतिहरू हुन् । विकट डाँडाकाँडा हुनाले बाटोघाटो निर्माण गर्न कठीन छ । यस गाउँपालिकाको अत्यधिकजसो जमिन पत्थरिलो तथा कम उर्वर छ ।

## गाउँपालिकाका विकासका सम्भावनाहरू(कृषि, जलविद्युत, पर्यटन आदि)

यस गाउँपालिकाका विकासका सम्भावना प्रचुर छन् । यो गाउँपालिकामा जमिन पहाडी भए पनि यहाँ नगदे बालिनाली र पशुपालनको व्यापक सम्भावना छ । यहाँ अदुवा, अम्लिसो, अलैंची र तरकारी खेति गरेर आम्दानी बढाउन सकिन्छ । पर्यटनको विकासका सम्भावना पनि यस गाउँपालिकामा प्रशस्तै छन् । मिक्लाजुङ्गजस्तो मोरङ्गको सवैभन्दा अग्लो डाँडा यसै गाउँपालिकामा पर्दछ । यसैगरी विभिन्न पोखरी र केही सिमसारका साथमा थुप्रै सामुदायिक वनहरू यस गाउँपालिका भित्र पर्दछन् । तसर्थ कृषि र पर्यटनको विकासका लागि यो गाउँपालिका प्रचुर सम्भावना बोकेको स्थान हो ।

## सन्दर्भसामग्री


जिल्ला पार्श्वचित्र -जिविस मोरङ, वि.सं.२०५९ ।

जिल्ला पार्श्वचित्र अद्यावधिक - जिविस मोरङ, वि.सं. २०६४ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५, कानुन किताव व्यवस्था समिति ।

स्थानीय स्वायत्त शासन नियमावली २०५६, कानुन किताव व्यवस्था समिति ।

राष्ट्रिय जनगणना प्रतिवेदन २०६८, केन्द्रिय तथ्यांक विभाग ।

वार्षिक प्रतिवदेन २०७३, जिल्ला शिक्षा कार्यालय, मोरङ ।

बार्षिक प्रतिवेदन २०७३, जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ ।

वार्षिक प्रतिवदेन २०७३, जिल्ला वन कार्यालय, मोरङ ।

वार्षिक प्रतिवदेन २०७३, जिल्ला कृषि कार्यालय, मोरङ ।

# मिक्लाजुङ गाउँपालिका मोरङ:

ऐतिहासिक,सामाजिक,सांस्कृतिक,धार्मीक,पर्यटकीय र पर्यवरणिय दृष्टिकोणवाट अत्यन्तै महत्व बोकेको मोरङको उत्तरपूर्वी भेगमा अवस्थित मिक्लाजुङ गाउँपालिका विकासको पथमा क्रमश: अगाडि लम्कदै गएको उदीयमान गाउँपालिका हो । मिक्लाजुङ गाउँपालिका सबैभन्दा बढि जिल्ला छुने एक नम्बर प्रदेशको एक गाउँपालिका हो । यसले इलाम, पाँचथर, झापा र धनकुटा जिल्लालाई छोएको छ । यस गाउँपालिकाको पूर्व तर्फ:इलाम र झापा जिल्ला पश्चिम तर्फ: लेटाङ गाउँपालिका उत्तर तर्फ :धनकुटा र पाँचथर जिल्ला दक्षिण तर्फ:उर्लावारी गाउँपालिका पर्दछन् । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि स्थानीय तहको कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारको वि.स. २०७३ को निर्णय अनुसार तत्कालिन रमितेखोला,टाँडि जाते र मधुमल्ला गाविसलाई मिलाएर मिक्लाजुङ गाउँपालिकाको निर्माण गरिएको हो ।

समुद्र सतहबाट करिव २४१० मिटर सम्मको उचाईमा रहेको यो गाउँपालिकाको धेरैजसो भाग पहाडी क्षेत्रमा पर्दछ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग वन, भीर र पाखोले ओगटेको छ । मिक्लाजुङ गाउँपालिकाको क्षेत्रफल १५८.९८ बर्ग कि.मी. रहेको छ ।

मिक्लाजुङ गाउँपालिकाको नामकरण यस गाउँपालिकाको उत्तरी भेगमा रहेको मोरङको सवैभन्दा अग्लो ऐतिहासिक तथा पर्यटकीय क्षेत्र मिक्लाजुङ डाडाँको नामका आधारमा राखिएको हो । झापा, इलाम, धनकुटा र पाँचथरको सिमानामा पर्ने यस डाँडाको एउटा भाग मिक्लाजुङ गाउँपालिका मोरङमा पर्दछ । यहाँवाट धेरै टाढासम्मको दृष्य देख्न सकिने हुँदा यस ठाउँलाई लिम्बुहरूले मिक्लाजुङ डाँडा भन्ने गरेको पाइन्छ ।

यो डाँडामा प्रसस्तै मालिंगो बाँस पाइने हुनाले मालिङ्गो पाइने स्थानका रुपमा पनि यसलाई मिक्लाजुङ्ग भनिएको हो । मानिसहरु डाँडामाथि देवीथानमा पूजाआजाका लागि जान आउन छाडेपछि उनीहरुले डाँडाको पश्चिमपट्टि भिरालो पाखामा एउटा मन्दिर निर्माण गरी किराँती मुन्धुम अनुसार पूजाआजा गर्न थालेका छन् ।

मोरङको मिक्लाजुङ गाउँपालिका पहाडी गाउँपालिका हो । यसको पहाडी भाग दक्षिणतिर मोहडा फर्किएको छ । यसको उत्तरतिर विभिन्न चुचुरा छन् । यिनमा सबैभन्दा अग्लो चुचुरा मिक्लाजुङ हो । यो चुचुरा पाँचथर, इलाम र धनकुटाको सिमाना पनि हो । यसको दक्षिणी मोहडा यस गाउँपालिकामा पर्दछ । मिक्लाजुङ लगायतका माथ्लो भूभागदेखि दक्षिणतिर पनि भूभाग पर्ने हुनाले यहाँको जमिन दक्षिणतिर ढाल परेको छ । यस गाउँपालिकाको तल्लो भूभाग पनि केही कम भिरालो तर दक्षिणतिर ढाल फर्किएको छ । मिक्लाजुङ गाउँपालिका भित्र पर्ने मधुमल्ला, टाँडी र जाँतेका केही भाग भावर क्षेत्रसम्म फैलिएका छन् । तसर्थ यस गाउँपालिकाको अधिकांश भौगोलिक स्वरुप पहाडी भिरालो जमिनले बनेको छ । यहाँ कतिपय ठाउँमा बसेको जमिन र टाहारहरु पनि छन् । यस्तो बसेको ठाउँमा गाउँ तथा बस्ति छन् भने भीर र भीरालो जमिनमा वनजंगलले ढाकेको छ ।

मोरङको मिक्लाजुङ गाउँपालिकाको हावापानी समसितोष्ण प्रकारको रहेको छ । यस गाउँपालिकाको उत्तरी भागको हावा पानी केही चिसो छ भने यसको तल्लो भागमा केही न्यानो हुने गर्दछ । यहाँको तापक्रम हिउँद याममा निकै कम हुने गर्दछ भने वर्षा याममा पनि उत्तरी अग्लो भागमा त्यति गर्मी हुँदैन । तर यसको तल्लो भागमा वर्षा याममा निकै गर्मी हुने गरेको छ । यहाँको औषत तापक्रम ८ देखि ३४ डिग्री सेल्सियसको बीचमा रहने गर्दछ । यस गाउँपालिकामा वर्षा याममा धरै वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ । यहाँको औषत वर्षा ११०० मिलिलिटर रहेको छ ।

मिक्लाजुङ गाउँपालिका मोरङको धेरै भूभाग जंगलले ढाकेको छ । यस गाउँपालिका भित्र केही सामुदायिक वनहरु छन् । तसर्थ यो गाउँपालिका वनजंगलका दृष्टिले निकै धनी छ । यस गाउँपालिकाको अत्यधिक जसो भूभाग भीर र पाखाले ढाकेको छ र तिनमा जंगल संरक्षण गरिएको छ । तसर्थ मोरङको यस गाउँपालिकामा यति धेरै सामुदायिक वन भएका हुन् । यस स्थानमा एउटा धार्मिक वन क्षेत्र पनि रहेको छ ।

यस गाउँपालिकाको वनक्षेत्र धेरै रहेको हुनाले यहाँ जंगली जनावर पनि प्रशस्तै पाइने गरेका छन् । यहाँ विभिन्न प्रकारका जिवजन्तु र चराचुरूङ्गीहरू पाइन्छन् । मृग, खरायो, स्याल, मलसाँप्रो, ढेडु, बाँदर, बनेल, लोखर्के र दुम्सी जस्ता जनावरहरू, विभिन्न प्रकारका चराचुरूङ्गीहरू र किटपतंगहरू यस भेगमा पाइन्छन् । पुतली, कमीला, धमिरा, साप, अजिंगर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक प्रकारका जडिबूटी पनि यहाँको वन क्षेत्रमा पाइने गर्दछन् । यसरी मिक्लाजुङ गाउँपालिका जीवजन्तुका दृष्टिले निकै महत्वपूर्ण छ ।

यो गाउँपालिका समथर भुभागको साथमा केही भीर, जंगल तथा पहाडले ढाकेको विकट भएपनि पर्याप्त सम्भावना बोकेको उर्वर भुमी हो ।

ऐतिहासिक पृष्ठभुमिको अध्ययन गर्ने हो भने उत्तरी मोरडको यस गाउँपालिका समेटिएको क्षेत्र टाँडी, मधुमल्ला र जाँते लगायतमा धेरै पहिलेदेखि मानिसहरुको बसोबास शुरु भएको पाइन्छ । प्राचिन कालमा विराट राजाको राजधानीको रुपमा रहेको मोरङ्ग लिम्बुवानको प्रचण्ड राज्यको रुपमा परिचित थियो । मोरङ्गका अन्तिम लिम्बूराजा बुद्धिकर्ण राय खेवाङ्ग थिए । त्यतिवेला यसको माथिल्लो भाग जंगल र भीर पाखामा पर्ने हुँदा अघि मानिसहरुलाई त्यसको बारेमा खासै चासो थिएन । तर पनि मोरंङ्ग झाडीका रुपमा विकास भएको समयमा मिक्लाजुंगको तल्लो भागतिर मानिसहरुको बसोबास थियो । तल्लो भागमा औलो र महामारीका कारणले मध्यकालताका मानिसहरु यसको भावर तथा आसपासका भागमा बसोबास गरेका थिए ।

जस्तो टाँडीको चुलीवन क्षेत्रमा अघि राजवंशीहरुको बसोबास भएको देखिन्छ । यसैगरी भोगटेनी भेगमा धिमालहरुको बसोबास भए सरह नै चुलीवन क्षेत्रमा कोचेहरुको बसोबास थियो । त्यहाँका राजा र रानी पोखरी तथा कोचेनी पोखरीको अवस्थिति तथा त्यस भेगमा प्रचलित किंवदन्तीका अनुसार अघि टाँडीको चुलीवन क्षेत्रमा राजवंशीहरुको बसोवास रहेको थियो ।

एकताका मिक्लाजुङ भेग किराती शासकहरुको अधिनमा थियो । किरातिहरुले मिक्लाजुङ अग्लो भुभाग भएको हुनाले यसलाई किल्लाको रुपमा प्रयोग गर्दथे । यो क्षेत्र मध्यकालताका पाल्पाली सेनहरुले विजयपुर लगायतका क्षेत्र एकीकरण गर्दा यो भेग तिनको अधीनमा पऱ्यो । तर पनि मिक्लाजुंगको माथ्लो भागको प्रशासनिक जिम्मेवारी पूर्ण रुपमा स्थानीय लिम्बू शासकलाई दिइएको थियो । यो भेग कुनै बेला इलाम र सिक्किमको अधीनमा पनि थियो ।

पछि एकीकरणको अभियान पछि सम्पूर्ण विजयपुर बृहत्तर नेपालमा गाभिएपछि यो भेग पनि स्वतहनै बृहत्तर नेपालमा पर्न पुग्यो । त्यसपछि यो भेग केही समयका लागि साँगुरीगढीबाट प्रशासित भयो भने धनकुटाबाट यसको माथ्लो भागको प्रशासन हेर्ने काम भयो । यस गाउँपालिकाको टाँडी, मधुमल्ला र जाँते लगायतका भागको प्रशासन भने मोरङ गोश्वाराबाट गर्न लागियो । यसको केन्द्र रंगेली थियो ।

वि.सं. १८७२ मा यस भेगको सदरमुकाम साँगुरीगढीबाट रंगेलीमा सारिएको हो । मिक्लाजुङ गाउँपालिकाको माथ्लो भागको प्रशासन एकीकरण पछि इलाम भेगबाट हेर्ने पनि व्यवस्था मिलाइएको देखिन्छ । मोरडको मिक्लाजुङ भेगको पर्यटकीय स्थलमा टाँडीपोखरी, मिक्लु बेतिनी सिमसार र मिक्लाजुङ पहाड हुन् । नेपालका सुनसरी,मोरङ र झापालाई विराट क्षेत्रका नामले चिनिन्छ ।

वि. स. २०१८ को प्रशासनिक विभाजन अघि नेपाल ३५ जिल्लामा विभाजित हुँदा सुनसरी, मोरङ र झापा,मोरङ जिल्ला अर्न्तगत नै थिए । त्यतिबेला सुनसरी,मोरङ र झापाको सदरमुकाम सुनसरीको बराहक्षेत्र उत्तरमा रहेको विजयपुर डाँडामा थियो ।

मिक्लाजुङ्ग गाउँपालिका प्राकृतिक सांस्कृतिक , धार्मिक एवम् पर्यटकीय हिसाबले निकै मनमोहक छ । यहाँका खोला , नाला, नदी , बन , जंगल, मठ मन्दिर , डाँडा र गौडाहरुले पर्यटकको मन लोभ्याउने गर्दछन् ।

मोरडको उत्तरपूर्वी भागमा पर्ने मिक्लाजुङ्ग गाउँपालिका नक्सामा ठाडो त्रिकोणात्मक आकारमा रहेको छ । नेपाल सरकारको निर्णय अनुसार रमितेखोला र टाँडी गाविसका सबै वडा तथा जाते र मधुमल्ला गाविसका केही वडाहरु मिलाएर वि.सं. २०७३ सालमा यो गाउँपालिकाको निर्माण गरिएको हो ।

ऐतिहासिक,धार्मीक तथा पर्याटकीय क्षेत्रको रुपमा रहेको उदीयमान शहरको रुपमा मिक्लाजुङ्ग विकसित भइरहेको छ।

मानव बसोवासका दृष्टिले उत्कृष्ठ मानिएको मिक्लाजुङ्ग गाउँपालिका घना बस्तीले भरिएको छ।
धार्मिक दृष्टिकोणले यस नगरपालिकामा हिन्दु धर्मालम्वीहरुको करिब ८६.७६ प्रतिशत बाहुल्यता रहेको छ। त्यसपछि ईस्लाम, र किराँत धर्मावलम्वीहरुको क्रमश ६.०९ र २.७३ प्रतिशत रहेको छ भने यस बाहेक यस अन्य अन्तरगत बौद्ध,जैन, क्रिश्चियन, सिख आदि धर्म अनुसरण गर्ने धर्मावलम्बीहरु पनि छन्।

वाइट..........................

यहाँका मानिसहरु मुख्य गरेर नेपाली,मैथिली,राजवंशी,बङ्गाली,उर्दु,नेवार,भोजपुरी, हिन्दी र अन्य भाषा बोल्ने गर्दछन। यहाँ अधिकतम नेपाली भाषा बोल्ने गरेको पाईएको छ। मुख्य गरी ३३.३३ प्रतिशत मानिसहरु नेपाली भाषा बोल्दछन र २०.३३ प्रतिशत मैथिली र ११.०७ प्रतिशत राजवंशी भाषा बोल्ने गर्दछन। जातिगत दृष्टिकोणले हेर्दा यस न.पा. मा बाहुन १६.६३ प्रतिशत र क्षेत्री १२ प्रतिशत जातिको बाहुल्यता रहेको छ। यि बाहेक यहाँ राजवंशी,मुसलमान,बंगाली,नेवार, मारवाडी, आदि विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दै आएका छन्।
गाउँपालिकाका मानिसहरु मूलतः हिन्दु, मुस्लिम, किस्चियन बौद्ध, किराँत धर्ममा अनुबन्धित रहेका छन् ।हिन्दु धर्मावलम्बीहरले मुख्यतया : बडा दशै, शुभ दिपावालि, तीज, छठ, होली, सिरुवा, गाई जात्रा तथा साकेला जस्ता चाडपर्वहरु मनाउने गर्दछन्। किस्चियन समुदायहरुले किसमंस डे मुस्लिम समुदायले इदुल फिद इद र बकरिद एवं बौद्ध धर्मावलम्बीहरुले बुद्ध पूर्णिमा जस्ता चाडपर्वका साथै जाती विशेष अनेक चाडवाड आ-आफ्नै परम्परा र संस्कृति अनुसार मनाउने गरेको पाइन्छ। आ-आफ्नै जाती बिशेषका अलक अलक वैवाहिक, ब्रतबन्ध, पुजा-पाठ र कियाकर्म गर्ने रितीरिवाज परम्परा अनुसार मनाउने प्रचलन रहेको पाइन्छ।

वाइट..........................

यहाँको मुख्य भाषा नेपाली हो भने हिन्दी, उर्दु, बंगाली, मारवाडी, मैथली भोजपुरी, राजवंशी, नेवारी लगायतका जाती विशेष भाषा पनि मातृभाषाको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ र मारवाडी संघ, नेवा समाज कल्याण गुठी, मैथली समाज मियाँ इस्लामिया लगायतका सम्प्रदाय र जाती विशेष संघ संस्थाहरु गठन गरी संगठिट हुने गरेको पाईन्छ। अलग अलग धर्म, सम्प्रदाय, संस्कृति, परम्पर, मान्यता, विश्वास र रितीरिवाज मनाउन जाती, जनजाती एवं विविध भाषाभाषी भएको गाउँ भएतापनि एकताको, सोहाद्रताको र आपसी सदभाव एवं सम्मानको अनुपम उदाहरण नै यस गाउको खास परिचय हो।
विभिन्न धर्म, संस्कृति तथा परम्पराका मानिसहरु बस्ने भएकालेनै यस गाउँपालिकामा मन्दिर, गुम्बा देखि लिएर चर्च, मस्जिदहरु सबै उपस्थित छन्। हिन्दुहरुको वर्जस्व भएका कारण मठमन्दिरको सख्याभने अरु धार्मिक स्थलहरुभन्दा अलि बढी नै रहेको छ। यहाँ भएको,हनुमान मन्दिर लक्ष्मिनारायण मन्दिर,दुर्गा मन्दिर,कृष्ण मन्दिर जगन्नाथ मन्दिर,काली मन्दिर प्रणामी मन्दिर,गुरुकुल वेद जस्ता सयौ धरोहरहरुले गाउँपालिका को शिर उच्चो वनाइदिएका छन्।

कार्यकारी अधिकृत बाइट ......................

गाउँपालिका को गरिमाको रुपमा विभिन्न शिक्षण संस्थाहरु रहेका छन्। शिक्षण संस्थाहरुको विकासले गर्दा यसको शैक्षिक केन्द्रको रुपमा पनि कमशः विकसित भइरहेको छ। यहाँका दर्जनौ शैक्षिक संस्थाहरुले बर्षेनी हजारौ विद्यार्थीलाई दक्ष जनशक्तीको रुपमा उत्पादन गर्दै आइरहेका छन्।
श्रोत साधन र सकरात्मक सोच भएका गाउँवासि दिर्घकालिन दृष्टिकोण भएका राजनीतिक व्यक्तित्व र लगनशिल कर्मचारीको अथक प्रयासमा गाउँको सर्वाङगिण विकासमा टेवा पुगिरहेको छ। जनताको सहयोगमा योजनाहरु सम्पन्न गर्न मिक्लाजुङ्ग गाउँपालिका अग्रणि रहेको छ।
विभिन्न योजना र परियोजनाहरु सिमित श्रोत तथा जनशक्तिमा गाउँपालिकाले संचालन गरी नागरीकहरुको मन जित्न सफल भएको छ। आम गाउँवासीलाई छिटो छरितो र सहज सेवा सुविधा उपलव्ध गराउन गाउँपालिका सँधै तत्पर रहेको छ।
......................

सचेत नागरीक, गाउँपालिकाको सुन्दर भविष्य प्रति एक मत हुने राजनैतिक दल, उत्साहित करदाता, उत्प्रेरीत र लगनशिल कर्मचारी नै यस गाउँपालिकाको परिचयलाई स्थापित गराउने मूल आधार भएका छ न् ।